# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २६ | २०७३ पुस १८ गते सोमबार | Monday, Jan 2, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## क्रान्तिकारी माओवादी ललितपुरद्वारा श्रद्धाञ्जली व्यक्त

**ललितपुर ।** ललितपुर ठैव निवासी बुद्धिबहादुर श्रेष्ठको ७९ वर्षको उमेरमा निधन हुन पुगेको प्रति दुःख व्यक्त गर्दै नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरले दिवंगत श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। पार्टीका ललितपुर संयोजक श्याम केसीले जारी गरेको वक्तव्यमा शोकसंन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरिएको छ। पार्टीका जिल्ला सदस्य निरन्जन श्रेष्ठका बुवासमेत रहेका श्रेष्ठ फूल्चोकी उमाविका संस्थापक अध्यक्ष रहनु भएको थियो। परोपकार संस्था केन्द्रीय कार्यालयको मानार्थ सदस्य समेत रहनु भएका श्रेष्ठको २०७३ पौष ७ गते उपचारको क्रममा निधन हुन पुगेको थियो। उहाँका पाँचजना छोराहरु हुनुहुन्छ

## देजमोले सत्तासँग 'कन्फन्ट्रेसन' गर्ने

**काठमाडौं ।** देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल केन्द्रीय आयोजक समितिको बैठकलाई सम्बोधन गर्दै मोर्चाका अध्यक्ष सीपी गजुरेलले राष्ट्रियता, जनतन्त्र, जनजीविका भ्रष्टाचारका मुद्दाहरुलाई लिएर देजमोले अब सत्तासँग कन्फन्ट्रेसन गर्ने बताएका छन्। पौष १२ गते सम्पन्न बैठकलाई सम्बोधन गर्दै मोर्चा अध्यक्ष गजुरेलले यस्तो बताएका हुन्।

बैठकले आगामी २०७३ चैत्र मसान्तसम्म देजमोका राज्य र जिल्ला आयोजक समितिहरु गठन नभएका ठाउँहरुमा गठन गरि सक्ने र नगर, गा.वि.स र वडा स्तर सम्मसमिति गठन गर्न पहल गर्ने निर्णय गरेको मोर्चाका कार्यालय सचिव हरि कृष्ण गजुरेलले बताए। मोर्चाले देशव्यापी व्यापक रुपमा सदस्यता वितरण गर्ने पनि निर्णय लिएको छ।

संगठन निर्माण र संघर्ष सञ्चालन अन्तरसम्बन्धित भएकाले स्थानीय रुपमा संघर्षका कार्यक्रमहरु सञ्चालन गर्ने र आगामी २०७३ चैत्र २४ गते जनआन्दोलन दिवसका दिनमा बृहत जनसभा सम्पन्न गर्ने समेत मोर्चाले निर्णय गरेको छ। देशव्यापी रुपमा जनताका बीचमा स्थापित गर्नका लागि देजमोका तर्फबाट व्यापक रुपमा भित्ते लेखन, पर्चा वितरण, कोण सभा, अन्तरक्रिया र विचार गोष्ठी लगायतका कार्यक्रमहरु व्यापक रुपमा गर्ने निर्णय लिएको छ।

## क्रान्तिकारी माओवादी र न्युक्लियसबीच एकता

# बढ्दैछ क्रान्तिकारी माओवादीमा ध्रुवीकरण

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने दिशामा इमान्दारितापूर्वक मालेमाको प्रयोग गरिरहेको नेकपा (क्रान्तिकारी माओवादी)प्रति क्रान्तिकारीहरुको ध्रुवीकरण बढ्दै गएको छ। पछिल्लोपटक ध्रुवीकरणको प्रक्रियामा कम्युनिष्ट न्युक्लियस जोडिन आइपुगेको छ। देशका विभिन्न राज्य तथा जिल्लामा क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुने लहर चलिरहेको बेला भुपेन्द्र न्यौपानेको संयोजकत्वमा रहेको कम्युनिष्ट न्युक्लियस पनि क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएको हो।

आइतबार नेकपा (क्रान्तिकारी माओवादी) र कम्युनिष्ट न्युक्लियसबीच प्रज्ञा भवन कमलादीमा एक कार्यक्रमकाबीच पार्टी एकता घोषणा कार्यक्रम सम्पन्न भएको छ। पार्टी एकता घोषणा कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य 'किरण' ले यो एकता पदलिप्सा र सत्ता स्वार्थभन्दा माथि रहेका क्रान्तिकारी कम्युनिष्टहरुको त्याग, बलिदान र क्रान्तिको बाटो हिड्नेहरुको एकता भएको उल्लेख गरे।



फोटो : जय दाहाल

उनले नेपालको क्रान्तिकारी आन्दोलनमा दक्षिणपन्थी नवसंशोधनवाद र वाम खोल ओडेका दक्षिणपन्थी अवसरवादबाट खतरा रहेको उल्लेख गर्दै अवसरवादीसँग कुनै हालतमा पार्टी एकता हुन नसक्ने स्पष्ट पारे।

पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्र ढाँटहरुको केन्द्रमा परिणत भएको उल्लेख गर्दै भारतीय विस्तारवादी व्यवस्था, संसदीय व्यवस्थालाई स्वीकार गरेर अझैपनि क्रान्ति गर्ने भ्रम छरिरहेका कारण अझै केही नेता कार्यकर्ताहरु भ्रममा परिरहेको किरणको भनाई थियो।

उनले विगतमा ... बाँकी ८ पेजमा

## संयुक्त संघर्षको सान्दार सुरुवात

# 'आवश्यक परे दीर्घकालीन जनयुद्ध'

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं




तीन वाम घटकले राष्ट्रियता सम्बन्धी संघर्षको सान्दार सुरुवात गरेका छन्। काठमाडौंको नयाँ बानेश्वरमा एक भव्य अन्तर्क्रिया कार्यक्रम गर्दै संघर्षको सान्दार सुरुवात गरेका हुन्। "जलस्रोतमाथिको हस्तक्षेप र राष्ट्रिय स्वाधीनता" विषयक अन्तर्क्रियालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले राष्ट्रियताको मुद्दालाई गम्भीर रुपमा लिनुपर्ने भन्दै आवश्यक परे सशस्त्र विद्रोह वा दीर्घकालीन जनयुद्धसम्म जाने मनस्थिति बनाउनुपर्नेमा जोड दिएका छन्। विगतका शासकहरुले राष्ट्रियताको मुद्दालाई भँजाएर खाएको भन्दैं अध्यक्ष किरणले भने, "राष्ट्रियता भँजाएर खाने विषय होइन, देश र जनतालाई मुक्त बनाउने विषय हो।"

नेपालमा भारतीय विस्तारवादी हस्तक्षेप बढेर गएको विषयमा धेरै व्याख्या, विश्लेषणहरु भएको ... बाँकी ८ पेजमा

# नयाँ ढंगको पार्टी निर्माण तथा ध्रुवीकरणमा विशेष जोड

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)को सम्पन्न केन्द्रीय समितिको बैठकले नयाँ ढंगको क्रान्तिकारी पार्टी निर्माण तथा ध्रवीकरणमा जोड दिएको छ। पार्टीको सम्पन्न बैठकले लिएका निर्णयहरुको सार्वजनीकरणका लागि पार्टी अध्यक्ष मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा बैठकले सरकारद्वारा प्रस्तुत संविधान संशोधन विधेयक विस्तारवादी कोण र एमालेद्वारा गरिएको विरोध सामन्तवादी कोणमा आधारित रहेको ठहर गरेको जनाइएको छ। पार्टीको आत्मगत अवस्थालाई सदृढ तुल्याउन तीन महिने संगठन विस्तार तथा जनपरिचालन अभियान संचालन गर्ने बैठकले निर्णय लिएको पनि जारी विज्ञप्तीमा उल्लेख गरिएको छ। पौष १२ गते जारी गरिएको वक्तव्यको पूर्णपाठ यस्तो रहेको छ, "२०७३ पौष ८ देखि १० गते सम्म क. किरणको अध्यक्षतामा नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठक वस्यो। बैठकमा लिइएका महत्वपूर्ण निर्णायहरुलाई निम्न अनुसार सार्वजनिक गरिएको छ :

१. बैठकको सुरुमा महान् जनयुद्ध, जनआन्दोलन सहितका विभिन्न संघर्षहरुमा सहादत प्राप्त गर्ने अमर सहिदहरुप्रति एक मिनेट मौन धारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो।

२. सवै राज्यहरुका संयोजक कमरेडहरुद्वारा राज्य तथा जिल्लाहरुका संगठन तथा संघर्षको स्थिति, पार्टीद्वारा लिइएका निर्णायहरुको कार्यान्वयन आदिवारे रिपोर्ट गरियो। साथै, केन्द्रीय कार्यालयद्वारा पनि समग्र पार्टी कामबारे रिपोर्ट गरियो।

३. अध्यक्ष क. किरणद्वारा तात्कालिक राजनीतिक प्रस्तावका रुपमा राजनीतिक प्रतिवेदन र तीन महिने संगठन तथा जनपरिचालन अभियान संम्बन्धी प्रस्ताव समेत प्रस्तुत गरियो। आवश्यक छलफल तथा संशोधन ... बाँकी ६ पेजमा

# नछोडौं, नझुकौं र दृढतापूर्वक अगाडि बढौं !



मोहन वैद्य'किरण'

देशको राष्ट्रिय स्वाधीनताको पक्षमा जनतालाई जागृत बनाउँदै र हामी आफू पनि जागृत भएर सबै शोषण, दमन, उत्पीडन र हस्तक्षेपका विरुद्ध संघर्ष गर्न प्रतिबद्ध भएर हामी अगाडि बढेका छौं।

हाम्रो देश अर्ध सामन्ती, अर्ध/नव औपनिवेशिक अवस्थामा रहँदै आयो। यसको मूल कारण अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद हो। नेपालमा भएका सबै हस्तक्षेपका लागि भारतीय विस्तारवाद प्रमुख कारक तत्व हो। सुँगौली सन्धि ताकादेखि नेपालका शासकवर्गले राष्ट्रघाती सन्धिसम्झौता गर्दै आएका छन्।

शासकहरुको कुरा गर्दा हिजो नेपाली कांग्रेसले धोका दियो, बदमासी गऱ्यो भन्दै आयौं। गण्डकी, टनकपुरमा पनि कांग्रेसै भन्यौं, महाकालीमा आएपछि एमाले थपियो। अहिले आउँदा त हाम्रो नजिकको सहगोत्री पनि थपिन पुग्यो। अरुण, अपर कर्णाली राष्ट्रघाती सन्धि सम्झौतामा प्रचण्डहरुले नै ल्याप्चे लगाउन पुगे। अब पञ्चायतलाई मात्रै गाली गर्ने स्थिति रहेन। भारतीय विस्तारवाद र नेपालभित्रका दलाल, नोकरशाह पुँजीपतिवर्ग र सामन्तवर्ग राष्ट्रिय स्वाधीनताका प्रमुख दुश्मन हुन्। यि तत्वहरुका विरुद्ध सशक्त रुपमा आन्दोलनको उठान गर्नुपर्छ।

भारतले नेपालको हरेक क्षेत्रमा आफ्नो एकाधिकार स्थापित गराउन चाहेको छ। नेपाली सेना, विद्युत व्यापार, पानी तथा संविधान संशोधनका कुरा उसको यही स्वार्थसँग जोडिएर आएका छन्। हामीले त पिडिए र पिटिए मात्र होइन, भारतसँग गरिएका सबै असमान सन्धिसम्झौताको खारेज गरिनुपर्दछ भनेर आफ्नो कुरा दृढतापूर्वक राख्दै आएका हौं र छौं। अहिले भारतीय विस्तारवादी हस्तक्षेप अझ तीव्र रुपमा बढेर गएको छ।

नेपालमा भारतीय विस्तारवादी हस्तक्षेप बढेर गएको विषयमा धेरै व्याख्या, विश्लेषणहरु भएका छन्। तर मुख्य कुरा बदल्ने कुरा हो। अब बदल्ने दिशामा कसरी जाने हो ? त्यसका लागि सर्वप्रथम जलस्रोतमा विदेशी लगानी (भारतीय कम्पनीका लगानीहरु)का आयोजनाहरु खारेज गरिनु पर्दछ। दोस्रो, नेपाली जनता र सरकारसहितको स्वदेशी लगानीमा त्यस्ता आयोजनाहरु बनाइनु पर्दछ। संसदवादीहरु के भन्छन् भने अब आन्दोलनको काम छैन, अब विकास निर्माण प्रमुख कुरा हो। विकास निर्माण कसरी गर्ने त ? जलस्रोतको क्षेत्रमा दोस्रो धनी देश, नेपालको आर्थिक विकासको प्रमुख आधार, लगायत प्राकृतिक स्रोत साधन विदेशीलाई सुम्पेर हुन्छ विकास निर्माण ? विकासको जरा काटेर विकासको कुरा गर्ने ? देशमा विकास गर्नका निम्ति त अहिलेका दलाल सत्ताधारीहरुलाई सत्ताबाट फाल्नुपर्छ। यिनीहरुलाई सत्ताबाट लखेटेपछि मात्रै विकास हुन सक्छ। विकासको कुरासँग प्राकृतिक स्रोतसाधन सबै जोडिएका छन्। अब अरुण तेस्रो र माथिल्लो कर्णाली आयोजनाहरु नेपालीहरु आफैले बनाउनुपर्छ। र, विराटनगरमा रहेको भारतीय हटाउन दबाब दिनुपर्छ। हटाउन मानेन भने तीन दल मिलेर त्यो कार्यालय हटाइदिनुपर्छ (फाल्नुपर्छ)। यस दिशामा गम्भीर भएर सोचौं।

पार्टीहरुले सत्तामा जानुभन्दा अगाडि राष्ट्रियताको कुरा गर्ने, सत्तामा पुगेपछि सबथोक बिर्सने गरेका छन्। यो एकदम साँचो कुरा हो। राष्ट्रियताको मुद्दा ठग्ने र भँजाएर खानेजस्तो भएको छ। हामीले त्यस्ता पार्टीहरु सबैको पर्दाफास गर्न जरुरी छ। सबको भण्डाफोर गर्न जरुरी छ। देश र जनताको मुक्तिको निम्ति निरन्तर लड्नु पर्छ। मुक्ति सम्भव छ। राष्ट्रियताको मुद्दा भँजाउनका निम्ति हो कि मुक्तिका निम्ति हो ? यो विषयलाई हामीले गम्भीरतापूर्वक बुझ्न पनि जरुरी छ र अबलम्बन गर्न पनि जरुरी छ।

राष्ट्रिय मुक्ति आन्दोलन अहिलेको ... बाँकी ६ पेजमा

## सम्पादकीय

# क्रान्तिकारीहरुको ध्रुवीकरण

आइतबार नेकपा (क्रान्तिकारी माओवादी) र कम्युनिष्ट न्यूक्लियसबीच पार्टी एकीकरण भएको छ । यसअघि पनि विभिन्न रुपमा छरिएर रहेका क्रान्तिकारीहरु क्रान्तिकारी माओवादी पार्टीमा ध्रुवीकृत भएका थिए । यसले क्रान्तिकारीहरुको ध्रुवीकरणतर्फ संकेत गरेको छ । नवसंसदवादी पार्टीका रुपमा क्रान्तिमार्गबाट च्यूत हुन पुगेको प्रचण्ड नेतृत्वको माओवादी केन्द्र र कार्यदिशाविहीन जस्तो हुन पुगेको विप्लव माओवादीभित्रका क्रान्तिकारीहरु पनि मोहन वैद्य‘किरण’ नेतृत्वको क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुन प्रयासरत रहेका छन् । आम क्रान्तिकारीहरुको यही बुझाइ देखिन्छ कि ‘क्रान्तिकारी माओवादी’ नै नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गराउन सक्ने एकमात्र क्रान्तिकारी पार्टी हो ।


क्रान्तिका निम्ति क्रान्तिकारी पार्टीको नेतृत्वमा विभिन्न रुपमा छरिएर रहेका सबै क्रान्तिकारीहरु एकत्रित हुन जरुरी हुन्छ । क्रान्तिको सपना देख्ने क्रान्तिकारीहरु ढिलो चाँडो एकै ठाउँमा नउभिई नेपालमा क्रान्ति सन्निकट बन्न सक्दैन । कुरा वस्तुगत स्थितिको भन्दा पनि आत्मगत स्थितिको हो । वस्तुगत हिसाबले अहिलेको संसदीय व्यवस्थाबाट जनता आजित भएका छन् । यो व्यवस्थाप्रति चौतर्फी असन्तोष र आक्रोश चुलिएको छ । जनता स्वतःस्फूर्त सडकमा निस्कने स्थितिमा पुगेका छन् । तर जनताले राज्यव्यवस्था परिवर्तनको स्पष्ट खाकासहितको क्रान्तिकारी पार्टी र तिनका नेताहरुलाई सडकमा पाउन सकिरहेका छैनन् । यो वा त्यो नाममा फेरि पनि जनआक्रोशको फाइदा सामन्तवादी र साम्राज्यवादीहरुले नै उठाइरहेका छन् । र, देश र जनतामाथि अर्को धोकाधडीको खेल खेलिरहेका छन् । त्यसका विरुद्ध उभिने आत्मगत हिसाबले सुदृढ क्रान्तिकारी पार्टीको अहिले खाँचो परिरहेको छ ।

दशवर्षे जनयुद्धको कालखण्डमा क्रान्तिको प्रधान विषय जनतन्त्र बनेको थियो भने अहिले राष्ट्रियताको प्रश्न प्रधान बनेर अगाडि आएको छ । ‘राष्ट्रिय मुक्ति आन्दोलन’ अहिले प्रमुख बनेको छ । राष्ट्रिय मुक्ति आन्दोलनको मार्गबाट मात्र नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न सकिने देखिन्छ । तसर्थ, नेकपा (क्रान्तिकारी माओवादी)ले अहिले प्रमुख रुपमा राष्ट्रिय स्वाधीनताको विषयलाई उठाइरहेको छ । र, मुद्दा मिल्नेहरुबीचमा घोषितरुपमा नै कार्यगत एकता पनि गरिरहेको छ ।

राष्ट्रियताको सवालसँगै अहिले जनतन्त्र र जनजीविकाका मुद्दाहरु पनि त्यत्तिकै महत्वपूर्ण बनेर आएका छन् । यी मुद्दाहरु अभिन्न रुपमा एकआपसमा जोडिएका र अन्तरसम्बन्धित विषयहरु हुन् । सबै समस्याहरु भारतीय विस्तारवाद र यहाँको दलाल संसदीय व्यवस्थाका उपज रहेका छन् । दिल्ली दरबारले अहिले विगतको नारायणहिटी दरबारको भूमिका खेलिरहेको छ । र, नेपालको माइक्रो मेनेजमेन्ट तहमा हस्तक्षेप बढाइरहेको छ । यसर्थ, भारतीय विस्तारवादी हस्तक्षेपबाट नेपाललाई मुक्त नपारेसम्म नेपालीको राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु हल हुने देखिन्न । तसर्थ, सबै देशभक्त, क्रान्तिकारी, वामपन्थी तथा प्रगतिशित शक्ति र जनपंक्ति एकताबद्ध भएर राष्ट्रिय प्रतिरोध आन्दोनलमा उत्रन जरुरी छ । यस विषयमा क्रान्तिकारी माओवादीले सक्रिय पहलकदमी बढाइरहेको छ । यस पृष्ठभूमिमा क्रान्तिकारी माओवादीमा बढ्दै गएको ध्रुवीकरणले आम क्रान्तिकारी पंक्तिमा उत्साहको संचार गरेको छ । र, आमूल परिवर्तनका पक्षधर जनपंक्तिमा पनि आशा र विश्वास जगाउँदै लगेको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निशपक्ष खबर तथा
विचारका लागि सँधै हेर्नें र पढ्ने गरौं ।
www.moolbato.com

# मार्क्सवादी राजनीतिक अर्थशास्त्रमा माओको योगदान


सीताराम तामाङ

१)चिनियाँ समाजमा वर्गहरुको विश्लेषण :- माओले चिनियाँ समाजमा वर्गहरुको विश्लेषणमा (१९२६) भन्ने लेखमा भनेका छन् कि क्रान्तिको सफलताका लागि मित्रहरु र शत्रुहरु छुट्याउनु आवश्यक छ । यसरी मात्र शत्रुहरुमाथि हमला गर्नका लागि सच्चा मित्रहरुलाई एकताबद्ध गर्न सकिन्छ । चिनियाँ समाजमा रहेका (क) जमिन्दार वर्ग र दलाल पुँजीपतिवर्ग, (ख) मध्यम पुँजीपतिवर्ग (राष्ट्रिय पुँजीपति वर्ग), (ग) निम्न-पुँजीपति र मध्यम-किसान, (घ) अर्ध-सर्वहारा र गरिब किसान, र (ङ) सर्वहारा वर्गको राजनीतिक तथा आर्थिक स्थितिको विश्लेषण गरेर माओले के निस्कर्ष निकाले भने, “युद्धपतिहरु, नोकरशाहहरु, दलाल वर्ग, ठूलो जमिनदार वर्ग र तीसँग सम्बन्धित बुद्धिजीवी समुदायको प्रतिकृयावादी अंग साम्राज्यवादसित साँठगाँठ भएका यी सबै हाम्रा शत्रुहरु हुन् । हाम्रो क्रान्तिमा नेतृत्वदायी शक्ति औद्योगिक सर्वहाराबर्ग हो । सम्पूर्ण अर्ध-सर्वहारावर्ग र निम्न-पुँजीपतिवर्ग हाम्रा घनिष्टतम मित्र हुन् । जहाँसम्म ढुलमुल मध्य पुँजीपतिवर्गको सवाल छ , तिनीहरुको दक्षिणपंथी अंग हाम्रो शत्रु र बामपंथी अंग हाम्रो मित्र बन्न सक्छन् , तर हामी निरन्तर साबधान रहनु पर्दछ र हामीले उनीहरुलाई आफ्ना पंक्तिहरुभित्र भ्रम सिर्जनागर्न दिनु हुन्न” (माओ, २०५७ :१-८;चु.र; भाग-१,)।

(२) हुनानको किसान आन्दोलनको प्रतिवेदन :- माओले हुनानको किसान आन्दोलनको अनुसन्धानबारे प्रतिवेदनमा (१९६७) किसानहरुको संघर्षको महत्वबारे भनेका छन् “ज्यादै छोटो समयभित्र नै चीनका मध्य, दक्षीणी तथा उत्तरी प्रान्तहरुमा दशौं करोड किसानहरु एउटा सशक्त आँधीझैं, एउटा ठूलो तुफान झै उठ्नेछन् । यो यस्तो तीब्र र प्रचण्ड शक्ति हुनेछ । कि जस्तोसुकै ठूलो शक्तिले पनि यसलाई रोकन सक्नेछैन । उनीहरु आफूलाई बाँधीराखेको सारा बन्धनलाई चकनाचुर पारेर मुक्तिको बाटोमा अघि बढ्नेछन् । उनीहरुले सारा साम्राज्यवादी, युद्धपति, भ्रष्ट अधिकृत, स्थानीय अत्याचारी र खराब घरानीयाहरुलाई यमलोक पुऱ्याइदिनेछन् ।” (माओ,२०५७ :९,च.र. भाग-१,)।

यो प्रतिवेदनको महत्वको बारेमा यस प्रकार भन्नसकिन्छ : (क) यसले चीनी क्रान्तिमा किसानको भूमिबारे पूर्ण लेखा-जोखा राखेको छ । (ख) यसले ग्रामिण क्षेत्रमा किसानहरुको राजनीतिक सत्ता र उनीहरुको हतियारवन्द सेनाको आवश्यकता दर्साएकोछ। (ग) माओले किसानभित्रका विभिन्न वर्गीय स्तरको विश्लेषण गरेर भनेका छन् कि चीनको समाजमा सबै भन्दा ठूलो संख्या भएको गरिब किसानभित्र अत्यन्त क्रान्तिकारी शक्ति छ, (छ) यो प्रतिवेदनले जनतालाई संघर्षमा उतार्ने, संगठित गर्ने र उनीहरुमाथि भरोसा गर्ने क्रान्तिकारी सिद्धान्त प्रतिपादन गरेकोछ । यो प्रतिवेदनले चीनको कम्युनिष्टहरुलाई किसानका वीच काम गर्नका लागि गतिलो पथ-प्रदर्शनको काम गरेको छ ।

तर त्यसबेला यसप्रतिबेदनबाट खासै फाइदा लिन किन सकिएन भने पार्टीको नेतृत्व छन्-त-स्यू जस्तो अवसरवादीको हातमा थियो ।

३) साङ्घाई टेक्स्टबुक :- माओको निर्देशनमा नै तयार गरिएको “साङ्घाई टेवस्टबुक” भनेर जानिने “राजनीतिक अर्थशास्त्रको आधारहरु” (Fundamentals of Political Economy) मार्क्सवादी राजनीतिक अर्थशास्त्रको महत्वपूर्ण कृति हो । माओको के निर्देशनछ भने कम्युनिष्ट कार्यकर्ताहरुले राजनीतिक अर्थशास्त्रको सामान्य ज्ञान हाँसिल गर्नै पर्दछ । त्यसै उदेश्यले यो कृति सरल ढंगले लेखिएको मार्क्सवादी राजनीतिक अर्थशास्त्रको आधिकारिक पुस्तक हो । यो पुस्तकले कम्युनिष्टहरुको माझ पाठ्य पुस्तकको काम गरेको छ ।

४) सर्बहाराको नेतृत्वमा संयुक्त मोर्चा/ साम्राज्यवादी पुँजीमाथि निर्भर पुँजीपतिहरुलाई पुँजी - एजेण्टहरु अथात दलाल-पुँजीपतिहरु भनिन्छ । यसतो पुँजीमाथि निर्भर दलाल जमिनदारहरु पनि हुन्छन् । दलाल पुँजीपतिहरु र जमिनदारहरु साम्राज्यवादीहरुमाथि निर्भर हुन्छन् । त्यसैले उनीहरुको स्थान क्रान्तिको मुख्य शत्रुको रुपमा हुन्छ । नानकिंग सरकारको स्वरुप जमिनदार पुँजीपति र दलाल पुँजीपतिहरुको गठबन्धन हो ।

साम्राज्यबादले चीनमाथि प्रत्यक्ष अधिकार चलाउँदाको बखत यदि त्यसको कारण जमिनदारहरु र दलाल पुँजीपतिहरुको आफ्नो स्वार्थमा धक्का लाग्ने सम्भावना हुन गए, सम्भवछ, उनीहरुले साम्राज्यवाद-विरोधी संघर्षको विरोध गर्दैनन् या कुनै विशेष स्थितिमा विरोधी संघर्षलाई साथ पनि दिनेछन् । हो, त्यस्ता मानिसहरुलाई छोडेर जसको स्वार्थमाथि साम्राज्यवादी आक्रमणबाट धक्का पुग्दैन या जसको स्वार्थ आक्रमणकारीसँग मिलेका छन्, उनीहरुसँग शत्रुको व्यवहार गरिनेछन् ।

माथिको भनाईबाट स्पष्ट हुन्छ कि हाम्रो साम्राज्यवाद-विरोधी राष्ट्रिय संयुक्त मोर्चा वास्तवमा “राष्ट्रिय” हो-अर्थात त्यसमा देशद्रोहीलाई छोडेर बाँकी सबै रहन सक्तछन् । जन-मोर्चाको तुलनामा हाम्रो राष्ट्रिय मोर्चाको यही विशेषता हो ।

(५) नयाँ जनवादी अर्थनीति /माओले नयाँ जनवादको राजनीति र सांस्कृतिक जस्तै अर्थनीतिको पनि सविस्तार व्याख्या गरेर त्यसलाई चीनको भूमिमा लागूसमेत गरे । उनको नयाँ जनवादी व्यवस्थाको अर्थनीतिको व्याख्याले संसारभरिका कम्युनिष्टहरुका लागि पनि विश्वासिलो पथ प्रदर्शन गरेको छ । माओले लेखेकाछन् :

ङ्ड नयाँ जनवादी क्रान्तिले “आर्थिक रुपमा साधारणतया निजी पुँजीवादी उद्योग धन्दाको संरक्षण गर्ने र धनी किसान अर्थतन्त्रलाई नष्ट नगरीकनै ठूला धन्दाहरु र साम्राज्यवादी, गद्दार र प्रतिकृयावादीहरुको पुँजीलाई राष्ट्रियकरण गर्ने तथा ठूला जमिनदारहरुको जमिन किसानहरुलाई बाँड्ने लक्ष राख्तछ । यसरी, यो नयाँ जनवादी क्रान्तिले एकातिर पुँजीवादका लागि मार्ग प्रसस्त गर्छ भने अर्कोतिर समाजवादका लागि पूर्वाधार तयार गर्छ” (C.W,Vol-2 P-327 )। माओको यही अर्थनीतिको जगमा चीनको अर्थव्यवस्थाले छोटै समयमा रुपान्तरणको फड्को मारेको देखिन्छ । क्रान्तिपूर्व मुक्त इलाकाहरुमा र क्रान्तिपछि देशव्यापीरुपमा सफलतापूर्वक प्रयोग भएको यो नीतिले साम्रज्यवादी थिचोमिचोबाट मुक्ति र आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिएको थियो ।

नयाँ जनवादी अर्थनीति भनेको एउटा संक्रमणकालीन अर्थनीति पनि हो । अर्धसामन्ती तथा अर्धऔपनिवेशिक संरचनालाई सर्वहारा वर्गको नेतृत्व र क्रान्तिकारी वर्गहरुको संयुक्त अधिनायकत्वमा संचालित एउटा संक्रमणकालीन पुँजीवादी संरचनामा फेरिएको अवस्था हो र त्यसलाई पछि समाजवादतर्फ विकास गराईनेछ । सामान्यतः नयाँ जनवादी अर्थतन्त्रका संरचनामा निम्न तत्वहरु रहन्छन् :- (क) राज्यको नियन्त्रणमा राष्ट्रिय पुँजीपतिहरुको उद्योग धन्दाहरुको विकास, (ख) सामन्ती तथा दलालहरुको सम्पति जफत, (ग) सहकारी कृषि प्रतिष्ठानहरुको संचालन (घ) साना स्वतन्त्र दस्तकारी र व्यापारीहरुको उद्योग धन्दाको सुरक्षा ।

माओले सर्वहारावर्गको नेतृत्वमा पुँजीवादी क्रान्ति पुरा गरी समाजवाद उन्मुख अर्थतन्त्र लागु गर्ने र त्यसपछि समाजवादी ब्यवस्थाको विकास गर्दै साम्यवादमा पुग्ने सिद्दान्त प्रतिपादन गरे ।

(६) नौलो जनवादी राज्य व्यवस्था :- माओले भनेकाछन् : “सर्वसाधरण जनताको मात्र हिस्सा भएको र पुँजीपति वर्गलाई आफ्नो निजी स्वामित्व कायम गर्न नदिइने राज्य ब्यवस्थामा मजदुर वर्गको नेतृत्व थपिदिने हो भने यो राज्य व्यवस्था जनताको जनवादी अधिनायकत्व (१) अर्थात नयाँ जनवादी राज्यव्यवस्था बन्नेछ” (माओ, २०४८ : ४५८,चु.र; भाग-४,जनताको जनवादी अधिनायकतन्त्रवारे, १९४९,)। माओको अनुसार यो नयाँ राज्यव्यवस्था पुँजीपति वर्गको अधिनायकत्वमा चलेको अमेरिका-युरोपको पुरानो प्रकारको प्रजातन्त्रभन्दा फरक छ । त्यस्तो प्रजातन्त्र अब पुरानो मात्र होइन कि काम पनि नलाग्ने भैसकेकोछ । फेरी, यो राज्यव्यबस्था सोभियत संघको सर्वहारा अधिनायकत्वमा चलेको समाजवादी गणराज्यभन्दा पनि फरक छ । औपनिवेशिक तथा अर्धऔपनिवेशिक मुलुकहरुका क्रान्तिका लागि त्यस प्रकारको व्यवस्था हुनसक्तैन । सबै औपनिवेशिक तथा अर्धऔपनिवेशिक मुलुकका क्रान्तिमा राज्यको तेस्रो रुप अर्थात नयाँ-जनवादी गणराज्यलाई नै अपनाउनु पर्दछ । यो एक खास ऐतिहासिक अवधिका लागि उपयुक्त रुप हो र यसर्थ एक संक्रमणकालिन रुप पनि हो । साम्राज्यवाद विरोधी क्रान्तिकारी वर्गहरुको संयुक्त अधिनायकत्व अन्तरगतका एक नयाँ-जनवादी राज्य ।” नयाँ जनवादी क्रान्तिको तात्पर्य के हो भने औपनिवेशिक तथा अर्ध-औपनिवेशिक मुलुकका पुँजीपति वर्गले अमेरिका र युरोपका पुँजीपतिवर्गले गरे जस्तो पुँजीवादी क्रान्ति पुरा गर्न सक्तैन । तसर्थ यो क्रान्ति पुरा गर्ने जिम्मेवारी सर्वहारावर्गको काँधमा आएको छ । सर्वहारावर्गले मजदुर, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपति, देशभक्त बुद्धिजीवी, आदिको संयुक्त मोर्चा कस्नु पर्दछ । तसर्थ माओले भनेकाछन्, “नौलो जनवादी राज्यव्यवस्था र सरकार सम्पूर्ण क्रान्तिकारी वर्गहरुको संयुक्त अधिनायकत्व अन्तरर्गत संचालित हुन्छ” (नौलो जनवादबारे, १९४०)।


(७) अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक समाज र दलाल पुँजीपति वर्गको जन्म :- अतितमा पुँजीवादले निकै क्रान्तिकारी भूमिका खेलेको थियो । तसर्थ मार्क्स-एंगेल्सको के धारणा रहेको थियो भने पुँजीजीवीवर्गले जहाँसत्ता प्राप्त गऱ्यो त्यहाँ सर्वत्र नै सामन्तवादी, पितृसत्तात्मक र भाबुकतापूर्ण सबै सम्बन्धहरुको अन्त्य गरिदिएको छ र उत्पादनका समस्त साधनहरुको तीब्र विकास र संचारका साधनहरुको असीमित सुविधाले गर्दा पुँजीजीविहरुले सबै राष्ट्रहरुलाई यहाँसम्म कि असभ्य भन्दा पनि असभ्य देशहरुलाई समेत सभ्यताको (पुँजीवादी !) परिधिमा ल्याउँनेछ । अर्थात पुँजीवादको विकासले प्राक-पुँजीवादी उत्पादन सम्बन्धलाई भत्काउनेछ र त्यहाँ पुँजीवादी उत्पादन सम्बन्धको विकास गर्नेछ (कम्युनिष्ट पार्टीको घोषणापत्र, १८४८)। तर पुँजीवादले साम्राज्यवादमा विकास गरेपछि असभ्यभन्दा पनि असभ्य मुलुकहरुमा समेत त्यहाँका सामन्तहरुसँग साँठगाँठ गरेर समाजलाई औपनिवेशिक, अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती स्वरुपमा ढाल्नेकाम गऱ्यो । त्यस्ता मुलुकहरुमा साम्राज्यवादले (र विस्तारवादले) आफ्नो दलालको भूमिका खेल्नका लागि जन्माएको दलाल - नोकरशाह पुँजीपति वर्ग सम्बन्धी विश्लेषणमा माओको महत्वपूर्ण योग्दान रहेकोछ । माओको अनुसार अर्धसामन्ती तथा अर्धऔपनिवेशिक मुलुकहरुमा साम्राज्यवादले दलाल -नोकरशाह पुँजीपति वर्गलाई जन्म दिने र त्यो वर्ग राजकीय पुँजीवादको विकासको मुख्य वाधक बन्ने भएकोले जनताको जनवादी (नयाँ) क्रान्ति त्यो वर्गको विरुद्ध लक्षित हुन्छ ।

(८) राजकीय पुँजीवाद (State Capitalism): “चीनमा आजको पुँजीवादी अर्थतन्त्र, जसको अधिकांश मागमा जनसरकारको नियन्त्रण छ र जुन राजकीय स्वामित्व भएकोसमाजवादी अर्थतन्त्रसँग विभिन्न रुपमा जोडिएको र श्रमिकहरुको रेखदेख रहेको एउटा पुँजीवादी अर्थतन्त्र नै हो । यो सामन्य होइन बरु एक विशेष किसिमको पुँजीवादी अर्थतन्त्र हो, अर्थात नयाँ प्रकारको राजकीय-पुँजीवाद । यसको मुख्य काम जनता र राज्यको आवश्यकता पुरा गर्ने रहेको छ । न कि पुँजीपतिहरुका लागि नाफा कमाउन । साँचो कुरा के हो भने श्रमिकहरुद्धारा उत्पादीत नाफाको एक हिस्सा पुँजीपतिहरुको भागमा जान्छ, तर सानु हिस्सा मात्र हो, सम्पूर्णको एक चौथाई जति । बाँकी तीन चौंथाई भने श्रमिकहरुकै लागि उत्पादन गरिन्छ (कल्याणकारी कोषको रुपमा), राज्यको लागि (आयकरको रुपमा) र उत्पादन क्षमता अभिवृद्धिको रुपमा (जसको एउटा सानो हिस्सा पुँजीपतिहरुको नाफाका लागि जान्छ) । तसर्थ, यो नयाँ किसिमको राजकीय-पुँजीवादी अर्थतन्त्रले धेरै हदसम्म समाजवादी चरित्र ग्रहन गर्दछ र श्रमिकहरु तथा राज्यलाई फाइदा दिन्छ” (Mao, 1977:101, S.W.Vol-V )।.

(९) प्राक-पुँजीवादबाट समाजवादमा संक्रमणको विश्लेषण :-माओले अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक समाजमा सर्बहारावर्गको नेतृत्वमा पहिले पुँजीवादी क्रान्ति सम्पन्न गर्ने र त्यसपछि समाजवादमा संक्रमण गर्ने नयाँ जनवादी क्रान्तिको राजनीतिक अर्थशास्त्रको विकास गरे (चिनियाँ क्रान्ति र ची.क.पा. १९३९, नयाँ जनवादवारे, १९४०)। तर नयाँ जनवादी अवस्था पुँजीवादी चरण हुँदाहुँदै पनि त्यहाँ अनियन्त्रित पुँजीवादी विकास हुनसक्तैन । त्यसलाई सुरुदेखि नै राजकिय पुँजीवाद (क्तबतभ ऋबउष्तबष्कि) विकासको दृष्टिकोणबाट अर्थतंत्रलाई नियन्त्रित गर्दै क्रमसः समाजवादी रुपान्तरणको दिशामा उन्मुख गराउने नीति लिनु पर्दछ । माओले मार्क्सवादी राजनीतिक अर्थशास्त्रीय दृष्टिकोणबाट “राजकीय पुँजीवाद”को बैज्ञानिक व्याख्या गरेका छन् । “राजकीय पुँजीवाद माओले नै मार्क्सवादी राजनीतिक अर्थशास्त्रको दृष्टिकोणले राजकीय पुँजीवादको पनि बैज्ञानिक व्याख्या गरे । उनको अनुसार” माओले कृषिमा क्रमस : सहकारी, सामुहिकीकरण र समाजीकरण गर्ने नीति लिएको देखिन्छ । तर त्यही वीचमा पार्टीभित्र माओ र दक्षिणपंथी अवसरवादीहरुको वीचमा पुँजीवादी जनवादी व्यवस्थालाई नै सुदृढीकरण गर्ने कि समाजवाद तर्फ अघि बढ्ने भन्ने विषयमा दुई लाइन संर्घष सुरु भयो । यसै संर्घषको दौरानमा माओले “आधारले मात्र

... बाँकी ४ पेजमा

# एकजुट भएर राष्ट्रघात, जनघात र भ्रष्टाचारका विरुद्ध संघर्ष गरौं !



**परि थापा**
कार्यालय सदस्य
**नेकपा (क्रान्तिकारी माओवादी) तथा सचिव, देजमो, नेपाल**

***पार्टी र संयुक्त मोर्चाको केन्द्रीय समितिको बैठक भर्खरै सम्पन्न भएको छ । बैठकले लिएका महत्वपूर्ण निर्णयहरुबारे संक्षिप्तमा चर्चा गरिदिनुस् न ।***

हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) र पार्टी निकटको संयुक्त मोर्चा 'देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय समितिका बैठकहरु हालसालै सम्पन्न भएका छन् । पार्टीको बैठकले पार्टीको आगामी राष्ट्रिय सम्मेलनलाई मध्यनजर राख्दै संगठन सुदृढीकरण, प्रशिक्षण, आर्थिक लगायत राष्ट्रियता, जनतन्त्र र जनजीविकाका प्रश्नहरुलाई समेटेर संघर्ष संचालन गर्ने नीति अन्तर्गत तीन महिने अभियानको कार्यक्रम तय गरेको छ । त्यसैगरी देजमोले पनि देशव्यापी रुपमा व्यापक सदस्यता वितरण गर्ने, संगठन विस्तार गर्ने, राष्ट्रियता, जनतन्त्र र जनजीविका एवम् भ्रष्टाचारका विषयहरुलाई समेटेर संघर्षका कार्यक्रमहरु संचालन गर्ने र मोर्चालाई आम जनताका बीचमा स्थापित गर्ने निर्णय लिएको छ ।

***बैठकले संशोधन प्रस्तावलाई ' विस्तारवादी', एमालेको विरोधलाई 'सामन्तवादी' भनेर संश्लेषण गरेको पाइयो । यसलाई विस्तारमा प्रष्ट पारिदिनुस् न ।***

हाम्रो पार्टीले वर्तमान संविधानलाई पश्चगामी संविधान मान्दछ र त्यसको खारेजीको माग गरेको छ । त्यसको प्रतिस्थापन जनगणतान्त्रिक संविधानले गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । त्यसैले त्यसमा हुने संशोधनले खासै अर्थ र औचित्य राख्दैन । अहिले नेपाली कांग्रेस र माओवादी केन्द्रको गठबन्धनले जुन संशोधन प्रस्ताव प्रस्तुत गरेको छ, त्यो भारतीय विस्तारवादीहरुको निर्देशन र सल्लाह अनुसार आएको छ । त्यसैगरी मधेशवादी दलहरुलाई पनि भारतीय विस्तारवादी सत्ताले नै निर्देशन र सल्लाह दिने गरेको छ । एमालेको विरोध नक्कली हो । उ आफू सत्ताबाट बाहिरिनु परेकोले संविधान संशोधन गर्नै हुँदैन भन्ने कथित अडान देखाएको मात्रै हो ।

***क्रान्तिकारी माओवादीले ' आत्मनिर्णयको अधिकारसहितको जातीय संघीयता'को कुरा गर्दै आएको छ । यहाँहरुको संघीयताको खाका चाहिं के हो ? जनताले बुझ्ने भाषामा प्रष्ट्याइदिनुस् न ।***

हाम्रो पार्टीले आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकारोक्ति सहित जातीय क्षेत्रीय स्वशासनका आधारमा राज्यको नयाँ संघीय संरचना गर्ने नीति लिंदै आएको कुरा स्पष्टै छ । त्यस आधारमा लिम्बुवान, किरात, ताम्सालिङ, नेवा, तमुवान, मगरात, खसान, कोचिला, मिथिला, भोजपुरा, अवध र थरुहटलगायतका संरचना प्रस्तुत गरेको छ । पार्टी संगठनको संरचना पनि सोही अनुरुप निर्माण र संचालनमा छ ।

***संसदवादीहरुले प्रस्तुत गरेको संघीयताको खाका, त्यसको सिमांकन र नामांकनबारे क्रान्तिकारी माओवादीको दृष्टिकोण प्रष्ट पारिदिनुस् न ।***

संसदवादी पार्टीहरुले संघीयताको मर्मलाई वास्तविक अर्थमा आत्मसाथ गरेका छैनन् भन्ने कुरा प्रष्टै छ । उनीहरुले जुन बेनामी खाका र सिमांकन प्रस्तुत गरेका छन्, त्यो कुनै सिद्धान्त र मापदण्डमा आधारित नभएर हचुवा र मनमौजी ढंगले गरेका छन् । पहिलो संविधानसभाद्वारा तय गरिएको पहिचानका पाँच आधार र सामर्थ्यका चार आधारलाई स्वीकार गरेर अपनत्व ग्रहण गरेको भनिएता पनि त्यसलाई पूरै लत्याएको स्पष्टै छ । उनीहरुले मुखले संघीयता भनेता पनि घुमाइफिराई सारमा एकात्मक र केन्द्रीकृत संरचना नै कायम गर्न खोजेको कुरो लुकेको छैन ।

***अहिले आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियताको चर्चा चलिरहेको छ । यी दुईबीचको अन्तरसम्बन्ध र प्रधान र गौणको विषयमा स्पष्ट पारिदिनुहुन्थ्यो कि ?***

हाम्रो देशमा पहाडीया अहंकारवादले खासगरेर तराई/मधेशका जनसमुदायलाई अराष्ट्रवादी र विखण्डनवादी आँखाले हेर्दछ र त्यही आरोप लगाउँदछ । त्यसको परिणामस्वरुप राज्यसत्तामा पहाडीया अहंकारवादको हालीमुहाली कायम राख्न चाहन्छ । त्यसैगरी साम्राज्यवादी शक्तिहरु त्यसमा खासगरेर भारतीय विस्तारवादले नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामा विभिन्न किसिमले हैकम र हस्तक्षेप गर्दै र चलाउँदै आएको छ । त्यसरी देशभित्रको आन्तरिक समस्या समाधान गर्नका लागि पहाडीया अहंकारवादविरुद्ध र वाह्य हस्तक्षेप रोक्नका लागि भारतीय विस्तारवादका विरुद्ध संघर्ष चलाउनुपर्ने आवश्यकता छ । त्यसकारण देशभित्र शान्ति सुव्यवस्था कायम गर्नका लागि आन्तरिक अन्तरविरोध र राष्ट्रिय स्वाधीनताको जगेर्ना गर्नका लागि वाह्य शक्तिसँगको अन्तरविरोध मुख्य बन्दछ ।

***राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई लिएर यहाँहरु निरन्तर आन्दोलनमा हुनुहुन्छ । राष्ट्रियताको मुद्दामा गरिएको तीन दलीय कार्यगत एकताले आन्तरिक राष्ट्रियताको मुद्दालाई गौण बनाएको पनि कतिपयको बुझाइ छ नि ?***

हाम्रो पार्टीले राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित मुद्दाहरुमा दृष्टिकोण मिल्ने र साझा अवधारणा बनाउन सकिने पक्षहरुसँग सहकार्य र कार्यगत एकता गरेर संघर्षलाई अगाडि बढाउने नीति लिएको छ । सोही नीति अनुसार अहिले हाम्रो पार्टी लगायत अन्य दुई पार्टीहरु नेकपा (मसाल) र नेकपा (माओवादी)सँग कार्यगत एकता कायम गरी संघर्षका कार्यक्रमहरु अगाडि बढाएको छ । तर हाल कायम भएको तीन पार्टीबीचको कार्यगत एकता राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित समग्र मुद्दाहरुलाई समेटेर गरिएको होइन । अहिले गरिएको कार्यगत एकता जलस्रोत र उर्जा क्षेत्रमा भएको भारतीय हस्तक्षेप मुख्यतः माथिल्लो कर्णाली जलविद्युत आयोजना माथिल्लो तामाकोशी जलविद्युत आयोजना, र विराटनगरमा अनधिकृत रुपमा रहेको भारतीय वाणिज्यदूतको कार्यालयका विरोधमा केन्द्रीत रहेको स्पष्टै छ ।

***कार्यगत एकताको आयुलाई लिएर पनि विभिन्न चर्चा हुने गरेको छ । यो कार्यगत एकता कति परसम्म जान सक्ला ?***

कार्यगत एकता रणनैतिक एकता जस्तो लामो वा दीर्घकालीन नहुने त स्पष्टै छ । हाम्रो पार्टीले जुन उद्देश्य प्राप्तिका लागि कार्यगत एकता गरिएको हो, त्यसको प्राप्ति नहुन्जेल कायम राख्ने र अगाडि बढाउने तर्फ अधिकतम प्रयत्न गर्नेछ । यसप्रकारको एकतालाई कायम राख्न त्यसमा संलग्न सबै पक्षका बीचमा एकआपसमा राम्रो समझदारी कायम राखिरहन सम्बन्धित सबैले गम्भीर र जिम्मेबार हुनु पर्दछ । हाम्रो पार्टीले त्यस्तो पहल र प्रयत्न गर्न हदैसम्म योगदान पुऱ्याउने छ ।

***राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरुमाथि गहिरिदो संकटको जगमा उठ्ने र उठेको आन्दोलनमा क्रान्तिकारी माओवादी तथा देजमोले त्यसको नेतृत्व लिन सक्छ ? जसको एजेण्डा उसैको नेतृत्व नहुँदा आन्दोलन गन्तव्यहीन बनेका दृष्टान्तहरु छन् नि ?***

आज देशमा राष्ट्रियता, जनतन्त्र र जीविकाका विषयहरुमाथि गम्भीर संकट आइलागेको मात्र होइन, भ्रष्टाचारले संस्थागत रुप लिएको छ र राज्यको समग्र पक्षलाई आक्रान्त पारेको र गाँजेको छ । त्यसका लागि देशमा पालैपालो सत्ता र सरकार संचालनको नेतृत्व गर्न पुगेका पार्टी र खास गरेर तिनका मुख्य नेतृत्व जिम्मेवार रहेको छ । यस्तो गम्भीर अवस्थामा माथि उल्लेखित मुद्दाहरुमा आधारित भएर चल्ने र चलाउने संघर्ष र आन्दोलनको अग्रिम नेतृत्वमा हाम्रो जस्तो क्रान्तिकारी पार्टी र त्यसको निकट रहेको संयुक्त मोर्चाले नेतृत्वदायी भूमिका निभाउनु पर्दछ भन्ने कुरा स्वतः स्पष्ट छ । तर अहिले हामीलाई के महसुस भएको छ भने पार्टीको आत्मगत अवस्था वा सांगठानिक शक्ति र क्षमता परिस्थितिको माग भन्दा कमजोर हुन पुगेको छ । त्यसका लागि विगतमा पार्टीमा पटक-पटक भएका फुटहरु लगायतका कारणहरु जिम्मेवार रहेका छन् । यही यथार्थलाई ध्यानमा राखेर पार्टीले पार्टी संगठन सुदृढकिरण लगायतका कार्यक्रमहरु तय गरेर अभियानात्मक ढंगले अगाडि बढ्ने नीति तथा योजना तय गरेको छ । त्यस प्रकारको भूमिका निभाउनमा लागि पार्टीले सम्पूर्ण प्रयत्न लगाउने छ ।

**हाम्रो पार्टीले नेपाली विशेषतामा आधारित सशस्त्र जनविद्रोहको बाटोबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यदिशा लिएको छ । तर परिस्थितिमा आउने परिवर्तनलाई ध्यानमा राख्दै लामो वा दीर्घकालीन जनयुद्धको बाटो अपनाउनु पर्ने सम्भावनालाई पनि अस्वीकार गरेको छैन । नयाँ जनावदी क्रान्ति सम्पन्न भएपछि वैज्ञानिक समझदारी व्यवस्था कार्यान्वयन गर्ने दिशामा अगाडि कार्यदिशा हुनेछ ।**

***राष्ट्रियता, जनतन्त्र र जनतन्त्रको मुद्दामा अन्य राष्ट्रिय तथा क्षेत्रीय पार्टीहरुसँग सहकार्य गर्न सकिने सम्भावना चाहिं कस्तो देख्नुहुन्छ ?***

सिन्द्धान्तः त्यसप्रकारको सम्भावनालाई पूरै अस्वीकार गर्न त सकिंदैन तर तत्काललाई त्यस्तो अवस्था विद्यमान रहेको छैन । देशको राष्ट्रिय राजनीति लगायतका विषयहरुमा आउने परिवर्तनको अवस्थाले त्यसप्रकारको सम्भावनालाई अगाडि ल्याउने काम गर्दछ । त्यस्तो अवस्थामा पार्टीले तात्कालिक परिस्थितिको मूल्यांकन गरेर कार्यगत एकताको नीति तय गर्दछ ।

***पार्टीको पछिल्लो विभाजनदेखि अहिलेसम्म देशैभर पार्टीको सांगठनिक तथा राजनीतिक स्थिति चाहिं कस्तो पाउनु भएको छ ?***

पार्टीमा आउने फुट र विभाजनहरुले पार्टीमा असर त पार्छ नै । त्यसप्रकारको फुट र विभाजनले पार्टीलाई राजनीतिक भन्दा पनि सांगठानिक रुपमा असर पार्ने हुन्छ । किनभने अहिलेसम्म पार्टीमा आएको विभाजनको अवस्था क्रान्तिकारी दृष्टिकोणबाट भन्दा दक्षिणपन्थी, संशोधनवादी एवम् अवसरवादी दृष्टिकोणबाट भएको छ । र, पार्टीले त्यस्ता गलत दृष्टिकोण र रुझानको आलोचना र भण्डाफोर गरेर प्रष्ट पार्ने काम गरेको छ । तर त्यसप्रकारका गलत तत्वहरुसँग कतिपय इमान्दार कार्यकर्ता पंक्ति पनि भ्रममा परेर जानसक्ने भएकाले सारमा नभए पनि मात्रात्मक रुपमा असर पुऱ्याउँदछ । र, विगतको फुटले पार्टीको सांगठानिक सामर्थ्यमा केही क्षति पुऱ्याएको थियो । अहिले पार्टीले त्यसप्रकारको क्षतिलाई पूर्ति गर्दै देशव्यापीरुपमा पार्टीको सांगठानिक विस्तारमा अगाडि बढिरहेको छ ।

***क्षेत्रीय र विश्व राजनीतिमा शक्तिकेन्द्रबीचको बढ्दो अन्तरविरोधले नेपालको नयाँ जनवादी क्रान्तिमा पार्नसक्ने असरलाई चाहिं कसरी हेर्नु भएको छ ?***

कम्युनिष्ट आन्दोलन र क्रान्ति एउटा अन्तर ाष्ट्रियतावादी आन्दोलन र क्रान्ति हो । त्यसकारण हामीले हाम्रो देशमा सम्पन्न गर्ने नयाँ जनावदी क्रान्तिको पक्षमा सहयोग जुटाउने र समर्थन लिने कार्यलाई महत्वपूर्ण प्राथमिकता साथ अगाडि बढाउनु पर्दछ भने हामीले पनि अन्य देशहरुमा हुने त्यस्ता क्रान्ति र संघर्षहरुमा सहयोग, समर्थन र ऐक्यबद्धता जाहेर गर्नु पर्दछ । त्यसैले विश्वव्यापी वा क्षेत्रीय रुपमा उपस्थित हुने अन्तरविरोध एवम् शक्ति सन्तुलनले हाम्रो देशको क्रान्ति र परिवर्तनमा प्रत्यक्ष वा परोक्ष असर पार्ने स्वतः स्पष्ट छ । तर वर्तमान अवस्थामा नेपाली नयाँ जनवादी क्रान्ति र त्यसको नेतृत्व गर्ने क्रान्तिकारी पार्टी र शक्तिलाई भाइचरा सम्बन्धको स्तरमा सहयोग र समर्थन गर्ने अन्तर्राष्ट्रिय शक्ति विद्यमान नरहेको सत्य हो ।

***अब नेपालमा हुने वा सम्पन्न गरिने नयाँ जनवादी क्रान्तिको मोडेल कस्तो हुन्छ ? संक्षिप्तमा जनताले बुझ्ने गरी बताइदिनुस् न ।***

नयाँ जनवादी क्रान्ति भनेको पुँजीवादी क्रान्तिकै एक रुप हो । तर त्यो पुँजीवादी पार्टी र शक्तिको नेतृत्वमा नभएर सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीको नेतृत्व एवं मजदुर र किसान वर्गको एकतामा आधारित हुन्छ । नयाँ जनवादी क्रान्तिले देशीय सामन्तवाद र विदेशी साम्राज्यवादका विरुद्धमा संघर्ष चलाउँदछ । त्यसैले यो जनतन्त्र र राष्ट्रिय स्वाधीनताको पक्षमा अनि विदेशी हस्तक्षेपका विरुद्धमा हुने आन्दोलन र क्रान्ति हो । त्यसैले त्यो क्रान्ति शान्तिपूर्ण संक्रमणबाट सम्भव नहुने स्पष्टै छ र त्यसका लागि सर्वहारावर्गले बलप्रयोगको माध्यमबाट पुँजीवादी प्रतिक्रियावादी वर्गलाई सत्ताच्यूत गरी आफ्नो हातमा राज्यसत्ता लिनु पर्दछ । हाम्रो पार्टीले नेपाली विशेषतामा आधारित सशस्त्र जनविद्रोहको बाटोबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यदिशा लिएको छ । तर परिस्थितिमा आउने परिवर्तनलाई ध्यानमा राख्दै लामो वा दीर्घकालीन जनयुद्धको बाटो अपनाउनु पर्ने सम्भावनालाई पनि अस्वीकार गरेको छैन । नयाँ जनावदी क्रान्ति सम्पन्न भएपछि वैज्ञानिक समझदारी व्यवस्था कार्यान्वयन गर्ने दिशामा अगाडि कार्यदिशा हुनेछ ।

***अहिले संसदवादीहरु चुनाव घोषणाको दाउपेचमा छन् । देजमोले संसदीय वा स्थानीय निर्वाचनलाई उपयोग वा बहिष्कार के गर्छ ? त्यसले नेपाली नयाँ जनवादी क्रान्तिलाई कसरी सघाउ पुऱ्याउन सक्छ ?***

संसदवादी दलहरुको मुख्य कार्यनीति नै संसदीय निर्वाचन हो र सबैखाले हत्कण्डा अपनाएर त्यसमा आफ्नो वर्चस्व कायम गर्नु हो । अहिले संविधान संशोधन र निर्वाचनको विषयलाई लिएर उनीहरुका विषयमा केही अन्तरविरोध चर्किएको जस्तो पनि देखिएको छ । तर त्यो अस्थायी हो । अहिले विद्यमान अवस्थालाई हेर्दा तत्काल र निकट भविष्यमा कुनै पनि खालको निर्वाचन हुने सम्भावना क्षीण नै देखिन्छ । तर हाम्रो पार्टीले संसदीय निर्वाचन, जसमा स्थानीय तहको समेत पर्दछ, -लाई कार्यनीतिक विषयका रुपमा लिएको छ । यदि निर्वाचन घोषणा भएर हुने अवस्था आएमा पार्टीले तात्कालिक अवस्थाको मूल्यांकन गरेर त्यसलाई उपयोग वा बहिष्कार गर्ने बारेमा निर्णय गर्नेछ । उपयोग वा बहिष्कार जे गरे पनि पार्टी र क्रान्तिको हितमा हुने वा बनाउने उद्देश्यसाथ हुनेछ ।

***अन्तमा, छुटेका केही विषयवस्तु छन् भने राखिदिनुस् न ।***

अधिकांश विषयवस्तुहरु यस अगाडि तपाईंले सोधेका प्रश्नहरुमा नै समेटिएका छन् । तथापि एउटा कुरा के भन्न चाहन्छु भने अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकामाथि गम्भीर खतरा आइलागेको छ । त्यसैगरी भ्रष्टाचार संस्थागत नै भएको छ । यस अवस्थामा सम्पूर्ण सच्चा देशभक्त, जनतान्त्रिक, प्रगतिशिल, अग्रगामी र क्रान्तिकारी शक्तिहरु र जनसमुदायहरु एकजुट भएर राष्ट्रघाती, जनघाती र भ्रष्टाचारी तत्वहरुका विरुद्ध संघर्षमा जुट्न आव्हान गर्न चाहन्छु ।

# हामी विप्लवीहरु त्यतिबेला के गरौंला ?

रविकिरण निर्जीव

यतिबेला राष्ट्रिय स्वाभिमानलाई शिरोपर गर्ने नेपाली युवा-युवती र प्रौढ प्रौढाहरु सबै नेपाली स्वाभिमान र अस्मिता पतन होला कि भनेर भय, चिन्ता र आक्रोशले उद्वेलित छन् र यसैको मनोभूमिमाथि टेकेर नेपाली अस्मिता जो गाउन समर्पित छन् । तिनलाई अस्ताउने बेलामा पुग्न लागेका जीर्ण र अशक्त शरीर धारीहरुले पनि साथ दिइरहेका छन् ।

ती तिनैखाले सबै स्वाभिमानीहरुले जापानी साम्राज्यवादीहरुको विरुद्ध मुक्तिको युद्ध लडेका चिनिया जनता र तिनका नायक माओ, चाओ, चू आदिलाई पूर्णतः साथ दिन त पाएनन् तर तिनले मुक्तिकामी भियतनामी जनता माथिको अमेरिकी क्रूर हमला, होचिमिन्हप्रतिको पशुवत आक्रमणको विरुद्ध भने काठमाण्डुको भूगोल-पार्कमा दर्जनौं विरोध सभाहरु मात्र गरेनन् अपितु नयाँ सडकस्थित अमेरिकी पुस्तकालय समेत घेराउ गरी, प्रदर्शनकारीले नयाँ सडक भरी, विरोध पत्रहरु दिएका थिए । तिनले वीसको दशकमा नेपाल आएका अमेरिकी 'सेकेण्डम्यान' एग्न्यूको अघिल्तिर कालो झण्डा देखाइ 'गुलाफमुखे' उपराष्ट्रपतिको मुख कालो निलो बनाएका थिए ।

ती संघर्षशील नेपालीहरुले भारतीय हेपाहाले भित्रभित्र स्वतन्त्र सिक्किमलाई निल्नखोजको चाल नपाए पनि लेन्डुपले त्यसको स्वतन्त्रता इन्दिराको हातमा उपहार दिएको भने चाल पाएका थिए र बाच्छो खानेले माउ पनि खान सक्छ भनेर नेपाली भूगोलमा धेरै विरोधका स्वरहरु गुञ्जायमान गरेका थिए । तिनले सानो स्वाधिन देश भुटान माथि नियन्त्रण र अधीनका बल्छीहरु लगाउने 'इन्दिरा आमा' लाई समेत थर्काइरहेका थिए । दुर्वल राष्ट्रका स्वतन्त्रताका भोक्ताहरु इन्दिरादेखि नरेन्द्र सम्मका निर्लज्ज नायकहरुलाई सातो काडने साहसिक काम तिनले गर्दै आएका छन् । हाम्रो अखण्ड राष्ट्रियता र अस्मिता सिक्किमको जस्तो 'समर्पित' तथा भुटानको जस्तो 'विवश' भइहाल्छ कि भनेर ती चिन्ताग्रस्त छन् र चिन्ताको निकास विरोध र सङघर्षहरुलाई सडकहरुमा छताछुल्ल पारेर पोखिरहेका छन् ।

कोशी र गण्डकी बिक्री हुँदाको घाउ तिनका छातीमा बल्किरहेको मात्र छैन, कर्णालीको पानी पनि कुनै वेला नालीको पानी बिक्री भएझैं बिक्री होला कि भनेर त्यो घाउ चर्किरहेको छ । सुस्ता, महेशपुर, मानेभञ्ज्याङ आदि नेपाली माटोहरुमा वैरीले कुल्चिदाँ ती निर्भीक र हिम्मती आबाजहरु कति माथिसम्म उठे? ती आवाजहरु कहाँ पुगेनन्? काठमाडौं विराटनगर, पोखरा, सुर्खेत, चितवन आदि कति सहरहरुलाई तिनले लपेटेनन् ?

ती हिजोदेखि आँजसम्म ज्वालामुखी बनेर उठिरहेका छन् । तिनले 'साँढेहरु' को निद्राभङ्ग गरिरहेका छन् ।र नेपाली राजनीतिक मञ्चमा 'शिवतृत्य' गर्ने नर्तकहरुलाई औंलो उठाएर खबरदारी गरिरहेका छन् ।

हिजोका घाग्डान देशभक्तहरु, हिजोका दिग्गज क्रान्तिकारीहरु आज देशघाती र प्रतिक्रान्तिकारी प्रतीत भईरहेका छन् र ती भोलिका दिनमा लेण्डुप बन्ने लक्षण देखाईरहेका छन् कुकुरको रेविज सरेका महामानिसहरु बहुलाहा कुकुरको बोल भुकिरहेका छन् भने र कसरी पत्यार गरौं ।ती आफ्नो जन्मदात्री आमालाई लत्याएर परमात्रीको काखमा खेल्न रहर मानिरहेका छन् भनेर कसरी अपकल्पना गरौं । हुनत दिल्ली सम्झौताको श्रृङ्खलावद्ध विरोध गर्ने नै १२ बुँदे 'वैदेशिक भूमि संझौता' का प्रमुख हस्ताक्षर कर्ता हुने रहेछन् र तिनै २५ बुँदे आत्मघाती संझौताका खलनायक हुन सक्ने रहेछन् । २५ बुँदे आत्मघाती संझौता देश बिक्रीको कबुलियतनामा हुनसक्छ भनेर कसरी शुभ सन्देहको विपरीत बोलूँ ।

सिक्किमको संसदमा सिक्किमको भारतीय महाप्रमुख समक्ष लिलामबिक्री भएझैं नेपाली संसदमा नेपालको लिलाम बिक्री होला भनेर यो मन पत्यार गर्न सक्तैन तर महाप्रभुका हज्जारौं सेनाका बूटहरु नेपाली भूमिमा परेर नखेल्लान् भनेर आश्वस्त रहन सक्तैन ।यदि त्यस्तो भईहाल्यो भने अमर र भक्तिका सन्तान दरसन्तानहरु के हेरेर बसौंला ? त्यो कटुपराधिनताको अवस्थामा हाम्रो मनोदशाको हविगत कस्तोहोला ? कस्लाई सोध्ने यो कुरा ? वेचियको अवस्थामा बिक्री फिर्ता गर्ने पूर्वाधार के गरी स्थापित होला ? कस्लाई सोध्ने ? सन् असीको दशकताका जन्मिएका ४० वर्षीय सिक्किमे युवकहरुले यसको जवाफ देलान् ? अथवा भुक्तभोगी ६६ वर्षीय गान्तोके बूढाहरुले यसको उत्तर देलान् ?

लेन्डुप जोडीहरुले आफ्नो शिरमाथिको आरोपलाई 'रेसिष्ट' गरेकै छैनन्, आफू माथिको आक्षेपलाई प्रतिवाद गरेकै छैनन् ।आरोपक र आरोपीबीच वादप्रतिवाद भएकै छैन ।त्यसो भएपछि धिनले देश परदेशीको पाउमा चढाउँलान् भनेर कसरी विश्वास नगरुँ । देश परदेशीको पाउँमा चढाईहाले भने 'नागार्जुनका चोयाल' र 'सिंहदरवारका लेन्डुप' मिलिजुली राज गर्लान?

विद्रोह संङघर्ष र आन्दोलन, विरोध, जनयुद्ध र जनआन्दोलनको संस्कृति हुने हामी विप्लवीहरु अमर सिंह, भक्ति थापा, पृथ्वीनारायण र वीरेन्द्रका राष्ट्रियता, स्वाभिमान एवं वीरता तथा सौर्यका महान, उद्गारकका कटिदहरु भित्तामा टाँसेर बस्छौं होला? 'नाई 'ज्यान गए पनि यस्तो आत्मघाती कर्म गर्दैनौ भन्ने हो भने देश सिक्किमीकरण हुँदैछ, भुटान भै अपाङ्ग हुँदैछ भनेर सडक मात्र तताएर होला र? अब संसद र सिंहदरवार समेत बफाएर तिनका भुत्ला उखेल्ने समय कहिले सम्म पर्खिएर बसिरहने?

## मार्क्सवादी राजनीतिक ...

उपरिसंरचनालाई प्रभाव पार्दछ भन्ने कुरामा थप विकास गर्दै उपरिसंरचनाले पनि आधारलाई परिवर्तन गर्न सक्ने सिद्धान्त प्रतिपादन गरे । पुँजीवादबाट समाजवादमा रुपान्तरणका निम्ति सचेत प्रयासबाट उपरिसंरचनामा परिवर्तन गरेर पिछडिएको उत्पादन सम्बन्धलाई बदल्नु पर्दछ । कृषिको सहकारीकरणबाट अतिरिक्त पुँजी सञ्चय गरेर औद्योगिक विकास र कृषिमा यान्त्रीकीकरण गर्न सकिन्छ । (Mao, 1977:184-207, C.W, Vol- V)

माओले प्रक-पुँजीवादी समाजलाई नयाँ जनवादी राज्यव्यवस्था अन्तरगत नियन्त्रित पुँजीवाद हुँदै समाजवादमा संक्रमण गराउने नयाँ जनवादी राजनीतिक अर्थशास्त्रको विकास गरेर माक्र्सवादी राजनीतिक अर्थशास्त्रको क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् ।

(१०) समाजवादमा अन्तर- संघर्षहरु :- समाजवादी समाजमा पनि मार्क्सवादी राजनीतिक अर्थशास्त्रले सर्वहारा पार्टीको मुख्य कार्यदिशा तय गर्ने सैदान्तिक आधार प्रदान गर्दछ । माओले समाजवादी उत्पादन सम्बन्ध र उत्पादक शक्ति तथा अधिरचना र आर्थिक आधारका बीचको अन्तरविरोधको थप विश्लेषण गरेका छन् र समाजवादी चरणमा वर्ग-संघर्ष तथा कार्यदिशाको दीर्घकालिकता र त्यसको जटिलता देखाएका छन् । समाजवाद पुँजीवादी ब्यवस्था र साम्यवादी ब्यवस्थाका वीचको एउटा सक्रमणकालिन समाज ब्यवस्था हो । यो एक राजनीतिक संधिकाल हो (मार्क्स :गोथा कार्यक्रम)। तसर्थ यसमा पुँजीवादका पदचिन्हहरु लामो समयसम्म रहिरहन्छ । समाजवादी समाजमा रहने यो अन्तरविरोधकोवारेमा, स्टालिनले सोभियत संघमा समाजवाद निर्माणको पछिल्लो समयमा गरेका केही गलत मूल्याङ्कनको कारण, अन्ताराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा ठूलो भ्रम छरिन पुग्यो । त्यसले गर्दा सोभियत संघमा पुँजीवादको पुनर्स्थापना गर्नेहरुको विरोध गर्न सक्ने स्थिति बनेन । त्यसबाट पाठ सिक्दै माओले पुरै समाजवादी चरणका लागि कार्यदिशाको निर्देशन गरेका छन्, "समाजवादी समाज निकै लामो ऐतिहासिक अवधिसम्म विद्यमान रहन्छ । यसको पुरै ऐतिहासिक चरणमा वर्ग,बर्ग-अन्तरविरोध, समाजवादी र पुँजीवादी बाटाका बीच संघर्ष तथा पुँजीवादी पुनस्थापनाको खतरा विद्यमान रहन्छ र साम्राज्यवाद तथा सामाजिक साम्राज्यवादद्वारा षड्यन्त्र-तोडफोड एवं आक्रमण गर्ने खतरा रहिरहन्छ । यो अन्तरविरोधलाई सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तमा भर गरेर र त्यसको मार्ग निर्देशनमा ब्यबहारिक भएर हल गर्नु पर्दछ" (Sanghai Textbook, P.42).= (११) समाजवादमा वर्ग संघर्ष :- सामाजवादी समाजमा उत्पादनका साधनहरुमाथि सार्वजनिक स्वामित्व कायम गरिए पनि भर्खरै पुँजीवादी समाजको गर्भबाट जन्म मात्र भएकोले, जुन पुरानो समाजबाट जन्म लियो, त्यसका जन्म चिन्नहरु यसको आर्थिक, नैतिक र विचारधारात्मक पक्षहरुमा अझै पनि रहन्छन् (मार्क्स, गोथा कार्यक्रमको, आलोचना.)। यसबाट के देखिन्छ भने समाजवादी समाजका विविध पक्षमा केही पुँजीवादी परम्पराहरु र प्रभावहरु दह्रैसँग उपस्थित रहन्छन् । बुर्जुवा वर्गसँगै सम्पूर्ण शोषक वर्गहरु त उन्मूलन गरिएको हुन्छ तर अर्थव्यवस्था, राजनीति र विचारधारामा त्यसको प्रभाव लामै समयसम्मदह्रै उपस्थित रहन्छ । मजदुर र किसानका वीच, सहरी र ग्रामिणक्षेत्रका वीच तथा मनसिक श्रम र शारिरिक श्रमका वीच असमानताहरु पुरानो समाजको अवशेषको रुपमा बाँचीरहन्छन् । फलतः समाजवादी समाजको पुरै चरण "पतनशील पुँजीवाद र उदीयमान साम्यवादका वीच संघर्षको एक चरणको रुपमा रहन्छ" (Lenin, C.W.vol-30; P.107)।

समाजवादी समाजको मुख्य अन्तरविरोधहरुको बारेमा माओको सिद्धान्त सर्वहारा अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सैद्धान्तिक आधार हो । "चीनमा, यद्यपि स्वामित्वको समाजवादी रुपान्तरण मूलतः पुरा गरियो ..." फेरी पनि "उन्मूलन गरिएका भूस्वामी र दलाल वर्गका अवशेष अझै पनि दहो उपस्थित छन् । बुर्जुवा वर्ग अझै पनि छँदैछ, निम्न-बुर्जुवा वर्ग पनि केवल रुपान्तरण प्रक्रियामै छ । सर्वहारा वर्ग र बुजुवा वर्गका वीच वर्ग-संघर्ष, भिन्न राजनीतिक शक्तिहरुको वीच वर्ग संघर्ष तथा विचारधाराको क्षेत्रमा सर्वहारा र बुर्जुवा वर्गका वीच संघर्ष आफै पनि दीर्घकालिन र पीडादायी बनेकोछ, र यहाँसम्म कि कहिले-त भीषण पनि हुन सक्तछ" (माओ, "जनताका वीचमा अन्तरविरोधहरुको सही संचालन, संचालन, १९५७)। अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनको सिद्दान्त र व्यवहारमा पहिले पल्ट एउटा सुस्पष्ट निष्कर्ष निकालीयो : "उत्पादनको साधनहरुको स्वामित्व प्रणालीलाई समाजवादी रुपान्तरण गरिए पछि पनि वर्ग-संघर्ष उपस्थित रहन्छ । अत : सर्वहाराका लागि के आवश्यक छ भने उसले क्रान्तिलाई जारी राखोस र यो लक्ष अन्तर्गत राजनीतिक, आर्थिक, विचारधारात्मक र सॉस्कृतिक मोर्चाहरुमा समाजवादी क्रान्तिलाई अन्तसम्म अगाडि बढाओस" (Shanghai Textbook, P…))।

(१२) उत्पादक शक्तिहरुको सिद्दान्तको विरोध : चीनका संशोधनवादीहरुले प्रतिकृयावादी "उत्पादक शक्तिहरुको सिद्दान्त" अघि सारे । उनीहरुको के भनाई थियो भने चीनको अर्थतन्त्र पिछडिएको थियो र सर्वहाराले राजनीतिक सत्तामा त्यस बखत मात्र कब्जा गर्न सक्तथ्यो जव पुँजीवाद अति विकसित भएको हुन्थ्यो । माओले संशोधनवादीहरुको उक्त सिद्दान्तको भण्डाफोर गर्दै त्यो एउटा पुँजीवादी सिद्दान्त भएको र त्यसले चीनलाई समाजवादतर्फ अघि बढ्न नदिने स्पष्ट गरे । माओले के भनेका छन् भने, "उत्पादन सम्बन्धहरुमा परिवर्तन नगरी उत्पादक शक्तिहरुलाई विकसित पार्न असंभव हुने भएकोले उत्पादन सम्बन्धहरुमा परिवर्तनले प्रमुख तथा निर्णयात्मक भूमिका खेल्छ (माओ, सं.र; भाग-१; २०५७: २६८) । तसर्थ समाजवादमा लामो समयसम्म उत्पादन सम्बन्ध र समाजको उपरीसंरचनामा रहेका विसंगतिहरुसँग नै प्रमुख अन्तरविरोध रहन्छ । ती अन्तरविरोधहरुलाई हटाएर मात्र उत्पादक शक्तिहरुको विकास गर्न सकिन्छ भन्ने सिद्दान्तको प्रतिपादन गरे । उनले "क्रान्तिलाई आत्मसात गर र उत्पादन बढाउ" भन्ने नारा दिए यसरी आधार र उपरिसंरचनाका बारेमा आधारले मात्र उपरिसंरचनालाई निर्धारण गर्दछ भन्ने कुरामा थप विकास गरी उपरिसंरचनाले पनि आधारलाई परिवर्तन गर्दछ भन्ने निष्कर्ष निकाले । माओले लि शाओ चीको "उत्पादक शक्तिको सिद्दान्त" को विरोध गर्दै भने कि त्यो पुँजीवादी सिद्दान्त थियो र समाजवादतर्फ अघि बढ्ने नीतिको विरुद्ध थियो । तसर्थः मओले सर्वहारा सास्कृतिक क्रान्तिको बेला उत्पादन सम्बन्धको विकासले उत्पादक शक्तिको विकास गर्न र उत्पादक शक्तिलाई परिवर्तन गर्न "क्रान्तिलाई आत्मसात गर र उत्पादन बढाउ" भन्ने नारा अघि सारे । (१३) नव (१३) उपनिवेशको व्याख्या :- दोस्रो विश्व युद्ध पछि यशिया, अफ्रिका र ल्याटीन बमेरीकाको ५० भन्दा बढी देशहरुले साम्राज्यवादका उपनिवेश तथा अर्ध-उपनिवेशहरुको चंगुलबाट स्वतन्त्रता प्राप्तगरे । चीन, भेटनाम, कोरीया, क्यूवा, आदि मुलुकले समाजवादी मार्ग अंगाले भने अन्य मुलुकहरुले स्वतन्त्रताको अर्कै बाटो समाते तर साम्राज्वादीहरुले पुरानो उपनिवेश तथा अर्ध उपनिवेशहरु माथि आफ्ना प्रशिक्षित दलालहरु मार्फत नयाँ औपनिवेशिक शासन संचालन गरेका छन् । माओको नेतृत्वमा चलेको "ठूलो बहस"मा भनिएको छ "दोस्रो विश्वयुद्धपछि साम्राज्यवादीहरुले उपनिवेशहरुलाई निश्चित रुपले त्यागेका छैनन् बरु, नयाँ रुपमा, नयाँ उपनिवेशको रुपमा विकाश गरेका छन् । यसरी त्यो नयाँ उपनिवेशवादको एउटा महत्व पूर्ण चरित्र के हो भने साम्राज्यवादीहरुले केही क्षेत्रमा आफ्नो उपनिवेशिक शासनको पुरानो सैली बदल्न नयाँ सैलीको औपनिवेशिक शासन उनीहरुले छानेका र प्रशिक्षित गरेका दलालहरु माथि भर परेर शोषणलाई विकशित गर्न बाध्ये भएका छन् … यो नयाँ उपनिवेशवाद पुरानो उपनिवेशवाद भन्दा धेरै घातक र षड्यंत्रकारी छ" (१९६३)।

(१४) समाजवादको निर्माण :- सर्वहारा क्रान्तिद्धारा स्थापित समाजवादी समाज कस्तो प्रकारको समाज हुन्छ र यसका मुख्य लक्षणहरु के हुन ? मार्क्सले भनेका छन् ,"पुँजीवादी समाज र साम्यवादी समाजका वीच एकबाट दोस्रोमा रुपान्तरणको एक क्रान्तिकारी अवधि हुन्छ । यो अवधि अनुरुपको एक राजनीतिक संक्रमण अवधि हुन्छ । यस अवधिमा राज्य सर्वहाराको क्रान्तिकारी अधिनायकत्व नै मात्र हुनसक्छ" (गोथा कार्यक्रमको आलोचना...)। यसबाट के स्पष्ट हुन्छ भने "एकबाट अर्कोमा रुपान्तरणको क्रान्तिकारी चरण" र "राजनीतिक संक्रमणको ... बाँकी ६ पेजमा

◆ झर्रोटर्री कैलुब्राह

## हैसियत

नेपाल मण्डलका प्रधानमन्त्री एवम् माकेका सुप्रिमो आफ्नो हैसियत प्रयोग गर्न अत्यन्तै सिपालु छन् । सिपालु मात्र होइन, उनी आफ्नो हैसियत प्रयोग गर्दा अत्यन्तै गौरवान्वित पनि हुन्छन् । हैसियत प्रयोग गर्ने मामिलामा उनको नाउँ गिनिज बुकको रेकर्डमा चढाउन ढिला भएको कैलुब्राहको ठहर छ । अब उनको नाम पनि बदलेर कम रेड हैसियत राख्नु पर्छ भन्ने पनि दाबी छ । सबैभन्दा बढि हैसियतको प्रयोग उनले सार्वजनिक भाषणमा गर्छन् । त्यसपछि दुईपक्षीय, त्रीपक्षय बात मार्दा होस् अथवा बैठकमा बोल्दा होस् हैसियत प्रयोग गर्न किञ्चित चुक्दैनन् । त्यसैगरी बस्दा-उठ्दा, खाँदा-पिउँदा, सुत्दा-उठ्दा, हिँड्दा-डुल्दा, भोज-भतेर, राम-रमाइलोमा पनि उनले आफ्नो हैसियत प्रयोग गर्न भुल्दैनन् । विदेश भ्रमणमा जाँदा-आउँदा एयरपोर्टमा होस् अथवा विदेशमा महामहिमहरूसँगको भेटवार्तामा होस् आफ्नो हैसियत प्रयोग गरिहाल्छन् । जनयुद्धकालमा त उनी पाइखाना जाँदा पनि हेडक्वार्टरको हैसियतमा जान्थे । त्यतिखेर एचक्युलाई भेट्न आएका नेता कार्यकर्तालाई उनका आगेपिछे लाग्ने जमुसेहरूले एचक्यु ऐले ट्वाइलेट जानुभा'छ भन्थे । हैसियत प्रयोग गर्नु उनको कुलधर्म, दैनिक कर्म र अन्तरमनको मर्म हो । हैसियत उनको खानदानी हो ।

हैसियत बिना उनी जिउन पनि सक्दैनन् । स्वास फेर्दा पनि देश र जनताका निम्ति बाँच्नुको हैसियतले स्वास फेर्छन् । भर्खरै मात्र उनले आफ्नो आधा दर्जन हैसियत प्रयोग गरेर भाषण ठोके । ट्रक ड्राइभरको पेशा छाडी माउवादी बनेर जनयुद्धमा सहयोग गरेका, दोस्रो लटमा समानुपातिकमा परेका र भर्खरै 'यमराज'को घरतिर डेरा सरेका, कम रेड चाचाको किताब आफ्ना कार्यकर्ताहरूलाई सिरानी हाल्नका लागि गणेशापर्ण गर्ने कार्यक्रममा आफ्ना बहुरङ्गी हैसियत प्रयोग गर्दै भाषण ठोके । आफूले सुप्रिमोको पद अँठ्याएको अँठ्याई गरेकाले ढुस्किएर हिँडेका जेएनयुका डाक्टरलाई फकाउन भाषण ठोके । भाषण यस्तो थियो 'पैला युद्ध कमाण्डरको हैसियतले, पछि युद्ध सेलाउन हस्ताक्षरकर्ता खलनायकको हैसियतले, जनविरोधी संविधानमा ल्याप्चे लाउनेको हैसियतले र अहिले नवदलालको पदमा आसिनको हैसियतले मैले मेरो कुर्ची ढल्ने र हामी सबैलाई अपराधी घोषित गरेर ठेँडुकोमा कोच्ने अवस्था आउने खतरा देखिरहेको छु । यस्तो बेला मलाई यो बाटो देखाउने र ऐले मैले पकडेको विचारको गाइड गर्ने डाक्साबलाई ठण्डा दिमागले सोचेर पुरानो घर फर्किन विशेष आग्रह गर्छु ।'

हैसियत प्रयोग गर्ने उनको गजबको विशेषता छ । जस्तो परिवेश छ त्यस्तै अवस्थामा, जस्तो ठाउँ छ त्यस्तै परिस्थितिमा, जस्तो सन्दर्भ छ त्यस्तै रूपमा, जस्तो भाका छ त्यस्तै गीतमा, जस्तो बाजा छ त्यस्तै तालमा र जस्तो मौसम छ त्यस्तै बान्कीमा उनले हैसियत प्रयोग गर्छन् । गाउँघरमा बुढापाका भन्थे 'देश अनुसारको भेष, कपाल अनुसारको केश ।' यो उखानलाई उनले दृढतापूर्वक कृयान्वयन गर्छन् । हैसियत प्रयोग गर्ने मामिलामा उनी निकै सचेत र कुसाग्र छन् । कुनै पनि औपचारिक या अनौपचारिक सभासमारोह वा भेटघाटमा हैसियत प्रयोग गरेनन् भने नुन नभएको तरकारी जस्तो ठान्छन् उनी ।

गएको हप्ता उनी जनयुद्धको उद्गम थलोमा पुगे । जनयुद्धको साङ्ग्यता गर्न महापुराण लगाएको चुनवाङको घरमा पुगेर भाषण ठोके । त्यतिबेला आफूले हेडक्वार्टरको हैसियतले प्रयोग गरेको घरमा राखिएको पार्टीसभामा चुनवाङी बबुरा मनुवाहरूलाई सम्बोधन गर्दै उनले भने 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको, जनताले चुनेको, पहिलो प्रधानमन्त्रीको हैसियतले र अहिले संविधान लेखिसकेपछि दोस्रो पटक फेरि 'प्रभु'को आशिर्वादले बनेको प्रधानमन्त्रीको हैसियतले तपाइँहरूका अगाडि उभिएको छु । मलाई यो पद र हैसियतमा पुऱ्याउने तपाइँ सबै मनुवाहरू, म बसेको यो घर र महापुराण लाएको यो घर जहाँको तहीँ र जस्ताको त्यस्तै रच । म कहाँबाट कहाँ पुगिसकें । मेरो वर्ग यो जीर्ण घरबाट बालुवाटार र सिंहदरबारमा पुगिसक्यो तर यो ठाउँ, यहाँका घर र मनुवाहरू जस्ताको त्यस्तै अवस्थामा रहनुले मलाई ..... (हिँहिँहिँहिँ सुँक्क सुँक्क स्वन्याक्क ख्वाक्क) म अलि भावुक भएको हैसियतले यो सबै ऐतिहासिक र विशेष महत्वको छ भन्ने म ठान्छु ।'

बोल्दाबोल्दै उनी निकै भावुक भए । भावुक हुने पनि उनको पुरानो र स्थापित विशेषता हो । यो उनको खानदानी हैसियत पनि हो । गरीब र बबुरा मनुवा देख्यो कि उनी भावुक भैहाल्छन् । बैठकमा कसैले भावुक कुरा गऱ्यो कि भावुक भएर डाँको छोडिहाल्छन् । चुनवाङी बैठकका बेलामा भावुक भएर हलमै रुवावासी गरेको घटना सम्झँदै अगाडि भने 'त्यो बैठकमा सहभागी भएका टीमका महत्वपूर्ण....(हिँहिँहिँहिँ) फेरि भावुक भएँ म, साथीहरू ऐले यहीँ छौँ । त्यो बेलाका लिनप्याओवादी पनि यहीँ हुनुहुन्छ । भारत परस्त डाक्साब मलाई छोडेर हिँडे पनि त्यो बेला हाम्रो पार्टीमा नभएका तर हामीले नै खर्चपर्च दिएर पालेका र ऐले हाम्रै पार्टीका हेडक्वार्टर टीमका कम रेड काजीसाप पनि यहीँ हुनुहुन्छ । यो क्षण ऐतिहासिक पुनर्मिलन जस्तो भएको छ ।'

उक्त कार्यकर्ता सभाका अवसरमा प्रधानमन्त्रीको हैसियतले गुरिल्ला ट्रेल र युद्ध सङ्ग्राहलयको उद्घाटन पनि गरे । उद्घाटन मन्तव्य दिँदै भने 'यहाँका घरहरू र बाटाघाटा जस्ताको त्यस्तै रहनु पनि गौरवको कुरा हो । यसले हामीलाई युगयुगसम्म जनयुद्धको महत्व झल्काइरहन्छ । यसलाई यस्तै राख्नु पर्छ । जनताको जीवनस्तर पनि यथावतै राख्नु पर्छ । त्यसले विदेशी पर्यटकहरूलाई जनयुद्धमा लड्ने र सहयोग गर्ने मनुवा कस्ता रहन भनेर देखाउन हुन्छ । त्यसैले पहिला यहीँबाट चुनाव जितेर गणतन्त्रको पहिलो प्रधानमन्त्रीको हैसियतमा र अहिले दोस्रोपटक प्रधानमन्त्रीको हैसियतमा पुग्दा पनि मैले यहाँका लागि कुनै बजेट सजेटको व्यवस्था नगरेको हुँ । यहीँबाट अनन्त अर्थमन्त्री हुँदा र ऐले महरा अर्थमन्त्री हुँदा पनि विकासका बारेमा खासै चासो नदिनुको अर्थ युद्ध पर्यटनका लागि जेजस्तो अवस्था छ त्यस्तै अवस्थामा राख्नु पर्छ भन्ने हाम्रो पार्टी र सरकार प्रमुखको हैसियतले भन्न चाहन्छु । हामीसँग सङ्ग्राहलयमा राख्नका लागि युद्धका कुनै पनि सामग्री त छैनन् । हतियार पनि पुरानो सत्तालाई बुझाएर जमुसे विघटन भएको पनि बर्सैं वित्यो । युद्धकालीन उद्योगधन्दाका सामग्रीहरू पनि कता हराए, सेलाए र नष्ट भैसके । जनयुद्धका बेलाका जनसत्ता, जनअदालत आदि इत्यादिका सबै अवशेष नष्ट भैसकेका छन् । तिनलाई जिवितै राखेको भए ऐले हामीले प्राप्त गरेको यो हैसियत प्राप्त हुने नै थिएन । तसर्थ सङ्ग्राहलयमा राख्नका लागि यहाँको जनजिवन र घरगोठ यथावतै राख्नु पर्छ भन्ने युद्धको नेतृत्व गरेको हैसियतले मेरो निर्देशन छ । यहाँका नेताहरूले उपराष्ट्रपति, सभामुख, उपप्रधानमन्त्री जस्ता पद पाइसकेका छन् । मन्त्री त कत्यै खाली हुँदैनन् । यहाँका मनुवाहरूका लागि यो भन्दा अवसर अरू के चाहियो ? यति भन्दै आजको प्रमुख अतिथिको हैसियतले मन्तव्य यहीँ टुङ्ग्याउँछु ।'

१२ पुस २०७३

kailubraha73@gmail.com

# वर्ष सन् २०१६ लाई चर्चित बनाएका मुख्य घटना



केशरमणि कट्टवाल

वर्ष सन् २०१६ एक घटनाप्रधान वर्षका रुपमा रह्यो । विश्व राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा यो वर्षभरी नै चर्चाले भरिएका घटना परिघटनाहरु भए । यसैवर्ष अमेरिकामा नयाँ राष्ट्रपतिको चुनावदेखि बेलायतको ब्रेक्जिट, देशभक्त र क्रान्तिकारी क्युबाली नेता फिडेल क्यास्ट्रोको निधनदेखि ५२ वर्ष लामो कोलम्बियाली वामपन्थी फार्क विद्रोहको अन्त्य भयो । ब्राजिल र दक्षिण कोरियाका राष्ट्रपति माथिको महाअभियोग, उत्तर कोरियाली वर्कर्स पार्टीको ३६ वर्षपछिको ७ औं महाधिवेशन, भारत-पाक द्वन्द्ध, अमेरिका र जापानका नेताको हिरोसिमा रर पर्ल हार्बरको भ्रमण, युरोपका विभिन्न सहरमा वर्षको सुरुदेखि अन्त्यसम्म नै भएका आतंकवादी आक्रमण, टर्कीको असफल सैन्य 'कु' ब्राजीली खेलाडी र रसियाली सैनिक तथा साँस्कृतिककर्मी बोकेका विमान दुर्घटना, फिफामा नयाँ अध्यक्षको जियानी इन्फान्टिनोको आगमन र विश्वकै सबैभन्दा लामो इरोम शर्मिलाको भोक हड्तालको अन्त्य यस वर्षका महत्वपूर्ण र चर्चित घटनाहरु हुन् ।

**दुई अप्रत्यासित मत मतपरिणाम**

सन् २०१६ मा विश्वमा धेरै देशमा निर्वाचनहरु सम्पन्न भएपनि मुख्य रुपमा अमेरिका र बेलायतका निर्वाचनले चर्चा बटुले । अमेरिकी राष्ट्रपति पदको निर्वाचन विश्वमै लामो, झन्झटिलो प्रक्रिया भएका कारण यसले चर्चा पाउनु स्वभाविक थियो । तर, त्यो भन्दा पनि बढी गैरराजनीतिक पृष्ठभूमिका डोनाल्ड ट्रम्पले अपत्यारिलो रुपमा जित हासिल गरे । यस्तै बेलायतमा युरोपेली युनियनमा नै रहने वा अलग हुने भन्ने विषयमा भएको जनमत संग्रहको परिणाम अप्रत्यासित रुपमा अलग हुने पक्षमा आयो ।

**बेलायतको ब्रेक्जिट**

बेलायतमा गत २३ जुनमा बेलायतमा युरोपेली युनियन (ईयू) बाट बाहिरिने या सँगै बस्ने भन्ने विषयमा भएको जनमत संग्रहमा ईयू छाड्नुपर्ने पक्षमा जनमत आयो । ईयूमा नै रहनुपर्ने पक्षमा मतपरिणाम आउने पक्षमा ढुक्क देखिएका बेलायतका तत्कालीन प्रधानमन्त्री डेभिड क्यामरुनको अड्कल गलत साबित भयो भने ब्रेक्जिटको पक्षमा वकालत गर्दै आईरहेका युरोपेली संसदका सदस्य समेत रहेका युके इण्डिपेन्डेन्ट पार्टीका निगेल फारेजले १७ वर्ष भन्दा लामो समयदेखि उठाउँदै आएको एजेण्डामा सफलता पाए । ईयूबाट बाहिरिनुपर्ने पक्षमा बेलायतका ५१.८ प्रतिशत जनताले मत हाले भने ईयूमा नै रहनुपर्ने पक्षमा ४८.२ प्रतिशतमात्रै मत आएपछि नैतिकताको आधारमा प्रधानमन्त्री क्यामरुनले राजीनामा दिए । उनको राजीनामा पनि थेरेसा मे बेलायतको प्रधानमन्त्री बनिन् । उनी बेलायतको दोस्रो महिला प्रधानमन्त्री पनि हुन् । उसले यसैवर्ष इयू छाड्ने प्रक्रियाको सुरुवात गर्ने छ । बेलायत बाहिरिएपछि युरोपेली देशहरुको संगठन ईयूमा २७ राष्ट्रमात्रै बाँकी रहनेछन् । यद्यपि बेलायतलाई यो प्रक्रिया पूरा गर्न कम्तीमा पनि २ वर्ष लाग्नेछ ।

**अमेरिकी राष्ट्रपतिको निर्वाचन**

अमेरिकी राष्ट्रपतिको निर्वाचनमा दुई भन्दा बढी उम्मेदवार मैदानमा थिए । तर मुख्य चर्चा डेमोक्रेटिक र रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार बनेका हिलारी क्लिन्टन र डोनाल्ड ट्रम्पको नै भयो । अमेरिकामा न्युयोर्कको सिनेटर हुँदै राष्ट्रपति बाराक ओबामाको पहिलो कार्यकालमा विदेशन्त्रीको भूमिका निर्वाह गरेकी हिलारी क्लिन्टनले निर्वाचन जित्ने र पहिलो महिला राष्ट्रपति बन्ने सर्बत्र आकलन गरिएको थियो । निर्वाचन अभियानका क्रममा गरिएका हरेक सर्वेक्षणमा पनि हिलारी ट्रम्प भन्दा धेरै अघि थिइन् । निर्वाचनको मतगणनालाई आधार मान्ने हो भने उनले सर्वाधिक लोकप्रिय मत पनि प्राप्त गरिन् । तर इलेक्टोरल भोटका आधारमा राष्ट्रपति चुनिने अमेरिकामा विपक्षी उम्मेदवार ट्रम्प भन्दा करिब ३० लाख बढी मत पाउँदा समेत हिलारी राष्ट्रपति बन्न सकिनन् । रिपब्लिकन पार्टीका डोनाल्ड ट्रम्पले ३ सय ४ इलेक्टोरल भोट पाए भने हिलारीको पक्षमा २ सय २७ इलेक्टोरल भोट मात्रै आयो । निर्वाचन प्रचारका क्रममा मेक्सिकोको सीमानामा पर्खाल लगाउने, अमेरिकामा रहेको अवैध आप्रवासीलाई लखेट्ने, चीनसँगको व्यापार सम्बन्धलगायतका विषयमा ट्रम्पले दिएका अभिव्यक्तिको निर्वाचन अघि र निर्वाचन परिणाम पछि पनि विरोध भयो । तर उनको ह्वाइट हाउस प्रवेशको मार्ग रोक्न सम्भव भएन र व्यापारिक पृष्ठभूमीबाट राजनीतिमा आएका ट्रम्प विश्वशक्तिको रुपमा रहेको अमेरिकाको राष्ट्रपति, राष्ट्रप्रमुख र सेनाको कमाण्डर इन-चिफको रुपमा चुनिएका छन् ।

**दुई महिला राष्ट्रपतिमाथि महाअभियोग**

वर्ष सन् २०१६ मा लागेका दुई महाअभियोग पनि चर्चाका विषय बने । यसवर्ष ब्राजिलकी राष्ट्रपति डिल्मा रुसेफ र दक्षिण कोरियाकी राष्ट्रपति पार्क गेउन हेई विरुद्ध महाअभियोग लगाइएको छ । त्यसमध्ये ब्राजिलकी राष्ट्रपति रुसेफमाथिको महाअभियोग पारित भएर उनी पदबाट हटिसकेकी छन् भने दक्षिण कोरियाकी राष्ट्रपतिविरुद्धको महाअभियोगको प्रस्ताव संसदले पारित गरिसकेको भएपनि त्यसले पूर्णता पाउन केही समय लाग्नेछ । सन् २०१७ मा हेई राष्ट्रपतिबाट हट्छिन या कायम रहन्छिन् भन्ने टुंगो लाग्नेछ ।



**रुसेफमाथिको महाअभियोग**

ब्राजिलकी राष्ट्रपति डिल्मा रुसेफ यो वर्ष महाअभियोगबाट हटाईएकी एक शक्तिशाली महिला हुन् । ब्राजिलको वामपन्थी वर्कर्स पार्टीकी नेतृ रुसेफमाथि महाअभियोग लागेपछि उनकै कार्यकालमा उपराष्ट्रपतिको भूमिका निभाएका र उनीविरुद्ध महाअभियोग लगाउन मुख्य भूमिका खेलका मिसेल टेमर ब्राजिलको राष्ट्रपति बनेका छन् । रुसेफलाई हटाइएसँगै सबैभन्दा ठूलो ल्याटिन अमेरिकी देशमा १३ वर्षदेखि रहेको वर्कर्स पार्टीको वाम शासन ढल्यो । ब्राजिली संसदमा २२ घन्टासम्म निरन्तर चलेको बहसपछि उनको विपक्षमा ५५ भोट परेको थियो भने पक्षमा मात्रै २२ भोट परेपछि उनले राष्ट्रपति पदबाट हात धुनुपरेको हो ।





**पार्क गेउन हेई विरुद्ध महाअभियोग**

विपक्षीहरुको महिनौं लामो प्रदर्शनपछि दक्षिण कोरियाकी राष्ट्रपति पार्क गेउन हेईमाथि दक्षिण कोरियाको संसदले महाअभियोगको प्रस्ताव पारित गरेको छ । उनीविरुद्धको महाअभियोगको प्रस्ताव पारित भएसँगै उनका अधिकार पनि निलम्बित भएका छन् । उनीमाथिको महाअभियोगको प्रस्ताव पारित भएपछि देशको सर्वोच्च अदालतले महाअभियोगको प्रस्तावमाथि विचार गर्ने छ र यदि सर्वोच्चले यसलाई सही ठहर गरेको खण्डमा उनी पदबाट हट्ने छिन् भने अस्वीकृत भएको खण्डमा उनी पुनः पदमा बहाल हुनेछिन् । दक्षिण कोरियाको कानुनअनुसार संवैधानिक न्यायलयको निर्णय आउन्जेलसम्म प्रधानमन्त्रीले कार्यवाहक राष्ट्रपतिको रुपमा काम गर्नेछन् ।

**भारत–पाक तनाब**

सन् २०१६ दक्षिण एसियाली क्षेत्रका लागि पनि त्यति लाभदायक बन्न सकेन । दक्षिण एसियाका दुई परम्परागत प्रतिद्वन्द्वी राष्ट्र भारत र पाकिस्तानबीचको सम्बन्ध यो वर्ष निकै खराब अवस्थाबाट गुज्रियो । गत जुलाईमा भारत प्रशासित काश्मीरमा हिजबुल मुजाहिद्धिनका कमाण्डर बुरहान बानीको हत्यापछि सुरु भएको प्रदर्शनले उग्ररुप लिँदा सयौं आन्दोलनकारी मारिए भने भारती सुरक्षा फौजले व्यपाक दमन गर्दा हजारौं घाइते भए । काश्मीरमा भारतीय पक्षले गरेको दमनपछि पाकिस्तानले पनि आफूहरु काश्मीरी जनताको स्वतन्त्रताको पक्षमा रहेको र काश्मीरको विषय राष्ट्र संघको समेत अधुरो योजना भएको भन्दै यो विषयलाई अन्तर्राष्ट्रिय मञ्चहरुमा जोडतोडले उठायो । पाकिस्तानले काश्मीरी आन्दोलनकारीलाई सहयोग गरेको भन्दै भारत पाकिस्तानमाथि खनिएपछि दुई देशबीच शीतयुद्धको अवस्था देखा पर्‍यो । दुई देशबीच चलेको द्वन्द्वका कारण पाकिस्तानको इस्लामाबादमा कात्तिकमा हुने भनिएको सार्क शिखर सम्मेलन हुन सकेन । त्यस्तै सोही घटनाक्रमको पृष्ठभूमीमा पाकिस्तान प्रशासित काश्मीर हुँदै भारत प्रशासित काश्मीरमा हतियारधारी समूहले गरेको आक्रमणमा २० जना भारतीय सुरक्षाकर्मी मारिएपछि दुई देशबीच नियन्त्रण रेखा र अन्तर्राष्ट्रिय सीमामा पटक पटक दोहोरो गोली हानाहानका घटना भए । यसले गर्दा सुरक्षाकर्मीसहित दुवै पक्षमा दर्जनौ निहत्था जनताले समेत ज्यान गुमाउन पुगे ।

**जापान–अमेरिका सम्बन्ध**

जापान र अमेरिका दोस्रो विश्वयुद्धका कट्टर दुस्मन राष्ट्र हुन् । जापानी लडाकु विमानले अमेरिकाको प्रशान्त महासागरीय सबैभन्दा ठूलो सैनिक अड्डा पर्ल हार्बरमा आक्रमण गरेपछि दोस्रो विश्वयुद्धले विश्वयुद्धको रुप लिएको थियो । जापानको यो आक्रमणले अमेरिकालाई प्रत्यक्ष रुपमा युद्ध भूमिमा ल्याइदियो । जापानले गरेको पर्ल हार्बर आक्रमणमा २४ सय भन्दा बढी अमेरिकी मारिए भने ठूलो संख्यामा युद्धक पानीजहाजहरु नष्ट भए । यसबाट क्रुद्ध बनेको अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा ६ अगष्ट र ९ अगस्ट १९४५ मा 'लिटिल ब्वाई' र 'फ्याट म्यान' नामका दुई वटा परमाणु बम खसाल्दा डेढ लाख भन्दा बढी जापानीको मृत्यु भयो भने त्यसको एक महिनापछि जापानले आत्मसर्पण गर्‍यो र दोस्रो विश्वयुद्धको अन्त्य भयो । दोस्रो विश्वयुद्धले जापान र अमेरिकालाई नयाँ शिक्षा समेत थियो । दुई देशबीच त्यसपछिका वर्षमा राम्रो सम्बन्ध स्थापित हुँदै आएको भएपनि दुवै देशका शीर्ष नेताहरुले एक अर्काले आक्रमण गरेको स्थानमा पुगेर त्यसलाई सहजीकरण गर्न सकिरहेका थिएनन् । तर यस वर्ष अमेरिकी राष्ट्रपति बाराक ओबामाले हिरोसिमा भ्रमण गरी अमेरिकी परमाणु बम खसाल्दा मारिएकाप्रति श्रद्धान्जलि दिएपछि जापानी प्रधानमन्त्री सिन्जो आबे पनि पर्ल हार्बरमा पुगेर ७५ वर्षअघि जापानले गरेको आक्रमणमा मारिएका अमेरिकीप्रति श्रद्धान्जलि व्यक्त गरे ।

**टर्कीको असफल सैनिक 'कु'**

गत जुलाई १५ मा टर्कीका राष्ट्रपति रिसेप तैयप एर्दोगान विदामा भएको समयमा त्यहाँको सेनाको एक टुकडीले विद्रोह गरी सत्ता आफ्नो हातमा लिएको घोषणा गर्‍यो । टर्कीको राष्ट्रपति भवन, संसद भवनलगायतमा बम विस्फोट गराउँदै मध्यरातमा हेलिकप्टर र सडकमा ट्यांकसहित निस्किए । त्यतिमात्रै होइन त्यहाँको एक टेलिभिजनलाई कब्जामा लिएर सैनिक कमाण्डरले सत्ता आफ्नो हातमा लिएको र छिट्टै नै निर्वाचन गराएर नयाँ संविधान जारी गर्ने घोषणा गरेपछि राजधानी अंकारा र इस्तानबुलमा जनताले ठूलो संख्यामा निस्किएर त्यसको प्रतिरोध गरे । त्यस क्रममा सयौं सर्वसाधारणको मृत्यु भयो । सैनिककै वरिष्ठ अधिकारीहरुले नै यस 'कु' लाई साथ दिएनन् भने जनताहरु नै 'कु' को विरुद्धमा सडकमा ओलिएपछि ५ घन्टामा नै टर्कीको सैनिक 'कु' असफल भयो । सैनिक 'कु' मा सामेल ३ हजारभन्दा बढी सैनिकलाई पक्राउ गरियो भने वकिल, कर्मचारी र शैक्षिक क्षेत्रमा कार्यरत शिक्षक र प्राध्यापकहरु गरी करिब ५० हजारले सरकारी सेवाबाट हात धुनु पर्‍यो ।

**उत्तर कोरियाको परमाणु कार्यक्रम**

सन् २०१६ मा उत्तर कोरिया चर्चाको शिखरमा नै रह्यो । गत जनवरीमा स्याटेलाईट परीक्षण गरेको उत्तर कोरियाले त्यसपछि लगातार क्षेप्यास्त्र र २ वटा परमाणु बम परीक्षण गर्‍यो । उत्तर कोरियाको परमाणु कार्यक्रमलाई लिएर राष्ट्र संघ सुरक्षा परिषद र अमेरिकाले कडा विरोध मात्रै गरेनन्, उत्तर कोरियामाथि लाग्दै आएको नाकाबन्दीलाई थप कडा पनि बनाए । तर, उसले आफ्नो परमाणु कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि भन्दै त्यसलाई निरन्तरता दियो । दक्षिण कोरिया र अमेरिकाले उत्तर कोरियाको परमाणु कार्यक्रमको अनुगमन गर्न भन्दै संयन्त्र नै स्थापना गरिसकेपछि पनि उसले एक पटक परमाणु र पटक पटक क्षेप्यास्त्र परीक्षण गरेको छ ।

**वर्कर्स पार्टीको महाधिवेशन**

यस्तै उत्तर कोरियाली वर्कर्स पार्टीको सातौं महाधिवेशन झण्डै ३६ वर्षपछि गत मे ६ देखि ९ तारिखसम्म राजधानी प्योंगयांगमा सम्पन्न भयो । यसले पार्टीको सर्वोच्च नेता किम जोंग उनलाई औपचारिक रुपमा निर्वाचित गर्नुका साथै स्थायी समिति र पोलिटब्युरोको समेत निर्माण गरेको छ । हरेक चार वर्षमा गर्ने भनिएको महाधिवेशन सन् १९८० पछि पहिलो पटक भएको हो । विश्वमा नै निकै गोप्य रहने उत्तर कोरियाको शासन व्यवस्था सञ्चालन गरिरहेको वर्कर्स पार्टीको महाधिवेशन पनि यो वर्षको एक परिघटना थियो ।

**फार्कसँगको शान्ति सम्झौता**

विश्व राजनीतिक इतिहासमा वर्ष २०१६ मा ५२ वर्ष लामो ल्याटिन अमेरिकी देश कोलम्बियाको गृहयुद्ध अन्त्यको वर्ष रह्यो । कोलम्बियामा त्यहाँको सरकार र वामपन्थी फार्क विद्रोहीसमूहबीच ऐतिहासिक युद्धविराम सम्झौतामा हस्ताक्षर भयो । पहिलो पटक भएको युद्धविराम सम्झौता जनमत संग्रहबाट असफल भएपनि पुनः दोस्रो पटकको प्रयासमा सरकार र विद्रोहीबीच युद्धविराम सम्झौता भएको हो । झिनो मतान्तरले शान्ति सम्झौता अस्वीकृत भयो । फार्क विद्रोहका क्रममा दुई लाख ६० हजार भन्दा बढीको हत्या भएको भन्दै शान्ति सम्झौताले युद्ध अपराधीलाई उन्मुक्ति दिने भन्दै पूर्व राष्ट्रपतिले अस्वीकार गर्न आह्वान गर्दै अभियानको नेतृत्व गरेका थिए । शान्ति सम्झौताको विपक्षमा ५० दशमलव २४ प्रतिशत जनताले मतदान गरेका थिए । वामपन्थी फार्क पार्टी ५२ वर्ष लामो सशस्त्र युद्धलाई त्यागेर शान्तिपूर्ण राजनीतिमा आउन तयार भएपछि शान्ति सम्झौता भएको थियो । शान्ति सम्झौताको विपक्षमा त्यहाँको वामपन्थी फार्क पार्टीका केही नेताले समेत मत मागेका थिए । उनीहरुले जनतालाई बाडेका सपना पूरा नहुँदै आत्मसमर्पण गर्न नहुने भन्दै सम्झौताको विपक्षमा उभिएका थिए । दुई पक्षबीच युद्ध विराम सम्झौतासँगै ल्याटिन अमेरिकाकै सबैभन्दा पुरानो फार्कको संघर्ष टुंगियो । क्युबाको राजधानी हवानामा भएको शान्ति सम्झौताको सहमतिमा हस्ताक्षर कार्यक्रममा क्युबाका राष्ट्रपति राउल काष्ट्रो, संयुक्त राष्ट्र संघका महासचिव वान कि मुनसमेतको सहभागिता रह्यो । सम्झौतामा कोलम्बियाका राष्ट्रपति जुवान म्यानुअल सान्तोष र फार्क विद्रोहीका नेता तिमोलियोन जेमिनेज तिमोचेन्कोले हस्ताक्षर गरेका थिए । फार्क र सरकारबीच करिब चार वर्ष लामो गोप्य र अनौपचारिक वार्तापछि औपचारिक रुपमा शान्ति सम्झौतामा सहमति भएको हो ।

**रोड्रिगोको उदय र चीनसँगको सम्बन्ध**

फिलिपिन्सले गत जुनमा नयाँ राष्ट्रपतिको रुपमा लागु औषधविरोधी अभियान चलाएका डाभाओका मेयर रोड्रिगो डुटेर्तेलाई पायो । अमेरिकाका कट्टर आलोचक समेत रहेका उनको कार्यकालको सुरुवातसँगै अमेरिकासँगको सम्बन्ध चिसियो भने केही वर्षदेखि चिसो सम्बन्ध रहेको चीनसँग पुनः सम्बन्ध अघि बढेको छ । राष्ट्रपतिमा निर्वाचित भएसँगै उनले छिमेकी तथा शक्ति राष्ट्र चीनसँगको सम्बन्धका लागि लागे । लागु औषधको अवैध कारोबारमा संलग्न भएको आरोपमा उनले चार हजार भन्दा बढीको हत्या गरेको भन्दै अमेरिकाले उनीमाथि मानव अधिकार उल्लंघन गरेको आरोप लगाइरहेको छ । यसअघि दक्षिण चीन सागरको विषयलाई लिएर अमेरिकासँग नजिक हुन पुगेको फिलिपिन्स एकाएक चीनको पक्षमा उभिन आइपुगेको छ ।

**फिडेल क्यास्ट्रोको निधन**

अमेरिकाको नाकैमुनी समाजवादलाई टिकाउने क्रान्तिकारी नेता फिडेल क्यास्ट्रोलाई विश्वले यसैवर्ष गुमायो । सन् १९५९ मा गुरिल्ला युद्धमार्फत क्युबाको सत्ता हातमा लिएका उनले पाँच दशक लामो सत्तायात्राका क्रममा दर्जनौं पटक अमेरिकाले गरेको हत्याको असफल प्रयासका बाबजुद क्युबालाई नेतृत्व प्रदान गर्न सफल भएका थिए । तर, उनको ९० वर्षको उमेरमा गत २५ नोभेम्बरमा निधन भएको छ । उनको निधनसँगै विश्वले एक समाजवादी आन्दोलनका अग्रज नेतालाई गुमाएको छ । विश्वमा पुँजीवादको सनसनी रहेका समयमा पनि क्युबाको समाजवादी सत्तालाई टिकाउन उनले ठूलो प्रयत्न गरे भने तेस्रो विश्व र असंलग्न आन्दोलनमा पनि उनले आफ्नो छाप छाड्न सफल भए । यसैवर्ष अमेरिकी राष्ट्रपति बाराक ओबामाले क्युबा भ्रमण गरी सुध्रन गरेको आग्रहलाई उनले अस्वीकार गर्दै आफूहरुको बाटोमा स्वतन्त्रतापूर्वक हिड्न दिन चेतावनी दिएका थिए । उमेरले वयोवृद्ध भएपनि उनमा पुँजीवादी विश्व र त्यसका नेताप्रतिको घृणाभाव उत्तिकै थियो भन्ने यो घटनाले पुष्टि गर्दछ भने साना देशको स्वतन्त्रता र स्वाभिमान ठूला देशको भन्दा कम हुन्न भन्ने कुरा उनले सबैलाई सिकाएर बिदा भएका छन् ।

अन्त्यमा, वर्ष २०१६ विभिन्न परिघटनाका कारण चर्चित मात्रै बनेन, यसले २०१७ का लागि केही परिघटनाहरुको सिर्जना समेत गरेको छ । बेलायतको ब्रेक्जिटदेखि दक्षिण कोरियाली राष्ट्रपतिको महाअभियोग समेत २०१७ मा पुगेर निर्णायक मोडमा पुग्नेछन् । यस्तै अमेरिकी राष्ट्रपतिको निर्वाचनको परिणामले अमेरिका र रुसबीचको सम्बन्ध तित्ततापूर्ण बनाईदिएको छ भने चीनसँगको सम्बन्ध पनि चिसिएको छ । वर्षको अन्तिममा अमेरिकाले ३५ जना रुसी कूटनीतिज्ञलाई देश निकाला गरेपछि रुसले पनि ३५ जना अमेरिकी कूटनीतिज्ञलाई देश निकाला गरेको छ । विश्व शक्ति राष्ट्रबीच चुलिएको संघर्षले कस्तो रुप लिन्छ भन्ने हेर्न २०१७ लाई कुर्नुपर्नेछ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# 'जंक-साहित्य' र यसका प्रवृति


प्रा.डा. जगदीश चन्द्र भण्डारी

पत्रकारिताका क्षेत्रमा जस्तै साहित्यका क्षेत्रमा पनि 'जंक (Junk) साहित्य'ले दरिलो प्रभाव पार्न थालेको छ। खासगरी नेपाली समाजको वास्तविकतालाई भन्दा वास्तविकताको विरुपीकरणमा आफ्नो स्वार्थ पुरा भएको देख्ने समूह/जमात/जत्थाले साहित्यलाई आफ्नो कब्जामा राख्ने र परिवर्तनका निम्ति गरिने मानवीय संघर्ष, प्रयत्न र कोसिसलाई निस्तेज गर्नमा उत्साहित बनेको छ।

यसले मानिसभित्रको कलाचेतना, कलाबोध र कलारुचिलाई मार्नका निम्ति बासी खुराक (Junk Food) झै अर्थात् पुँजीवादी-उपभोक्तावादी बजारमुखी आवरणबाट अन्तर्य ढाकी जनतालाई मूर्ख बनाउने सामग्री पस्कने काम गर्दछ। जीवनको सत्य र यथार्थभन्दा पर अवास्तविक र अतिकाल्पनिक तत्वको योगद्वारा साहित्य निर्माण गरी साहित्यको सौन्दर्यात्मक तथा विचारात्मक मूल्यलाई समाप्त पार्ने कुटिल चाल चलेको पाइन्छ। उत्पीडित मानिसहरुप्रति प्रेम, उनीहरुको महानतम संघर्ष, बलिदान र त्यागलाई न्यूनीकरण गर्ने र मानवविरोधी चिन्तन र सम्बन्धलाई प्रोत्साहित गर्ने जस्ता अभिलक्षण जंक साहित्यमा पाइन्छ।

आफू बाँचेको समयलाई बुझ्ने कुरामा भन्दा त्यसबाट परतिर लग्ने र यथार्थबोधबाट हटाउने त्यस किसिमको बासी/फोहर साहित्यलाई खासगरी ठुला संचार माध्यमले प्रोत्साहन गर्दै आएका छन्। ती भाषिक र विद्युतीय संचार माध्यम साम्राज्यवाद र विस्तारवादकै महत्वपूर्ण साधन हुन् र तिनीहरु जंक साहित्य र साहित्यकार दुवैको मुख्य आधार बनेका छन्।

वास्तवमा आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनका समग्र महान् प्रयत्न र उदात्त आदर्शका विरोधीहरु नै आजका जंक साहित्यकार हुन्। र, तिनले लेख्ने साहित्य नै जंक साहित्य (Junk Literature) हो। परिवर्तन र अग्रगमनका मानवीय तथा ऐतिहासिक संघर्षको निरन्तरता र सर्वहारा वर्गीय प्रेम र उदात्ततालाई नकारी मानिसलाई दयनीय तथा पराश्रयी बनाउने तर्फ नै जंक साहित्यकारहरु लागेका छन्। मानिसलाई सौन्दर्यात्मक तथा विचारधारात्मक मूल्यबाट तिरस्कृत गरी खोक्रो सामग्री वा वस्तुमा रुपान्तर गर्ने दुराशयका साथ जंक साहित्यकार अगाडि बढेका छन्। मानवीय क्षमतालाई ह्रास गर्ने मात्र होइन, त्यसको निषेध गरी मानिसलाई इतिहासको गतिमा अप्रासाङ्गिक बनाई कर्ताको स्तरबाट समाप्त पार्ने कुनियत तिनमा भरिएको छ। तिनीहरुबाट मानिसको व्यक्तित्वलाई समाप्त पार्ने काम सूक्ष्म एवम् निम्नस्तरमा भएका छन्। मानवीय विशिष्टतालाई समाप्त पारी निर्जीव बनाउने अभिष्ट लिई जंक साहित्यकारहरु साहित्यका मैदानमा ओर्लिएका छन्। आजभोलि सर्वहारा र उत्पीडित वर्गका संघर्षात्मक भूमिकाका कुरा भन्दा आभिजात्य र उदारवर्गका पक्षमा बढी लेखिन थालेका छन्। सर्वहारा वर्गीय मानवतालाई अकिंचन र क्षुद्रताका रुपमा परिभाषित गर्ने साहित्य नै 'जंक साहित्य' बनेको छ। यसमा रहेका यथार्थताको अभाव, मानवीय पतनको प्रचूरता, सामूहिक जीवनको न्यूनता, आदर्श भावको निषेधजस्ता वैशिष्ट्य नै तिनका सबल पक्ष बनेका छन्। साम्राज्यवादी र प्रभुत्ववादी नृशंसता र बर्बरतालाई नदेख्ने साहित्यकारको समूहसँग साम्राज्यवादी एवम् विस्तारवादी परस्त पत्रकार र पत्रकारिता जगतको घनिष्ठतम सम्बन्ध गाँसिएको छ।

आर्थिक, सामाजिक अवस्थाजन्य भीषण पीडा र त्रासदीलाई आफ्ना रचनाको कथ्य नबनाउने त्यस्ता साहित्यकारका ती रचना प्रकाशित, प्रशंसित र पुरस्कृत गर्नका लागि एउटा जत्था लागिपरेको छ। त्यो जत्था त्यसै वर्गसँग सम्बन्धित छ। युगको ऐतिहासिक विशिष्टतालाई नकारी मानवीय सम्बन्धका बारेमा पर्यवेक्षण नगरी आत्मगत रुपमा रचनात्मक तत्व कल्पित गर्नेहरुबाट वास्तविक साहित्यको सिर्जना नहुने निश्चितै छ।

साहित्यको सोद्देश्यतालाई नमानेजस्तो गर्ने र तटस्थता देखाउने जस्तो पाखण्डीपूर्ण कथन र व्यवहारमा तिनका प्रवृत्ति बढी मुखरित हुन्छन्। वास्तविक वर्ग-समाजको संवेदना, सौन्दर्यात्मक मूल्य र अर्थवक्ताको जीवन्त सम्बन्धमा भ्रम छर्ने र अन्ततः कला निषेध गर्ने साम्राज्यवाद र विस्तारवादका चाकर परजीविहरु नै साहित्यका शत्रु हुन्। जीवनको उदात्तताको पक्षलाई विस्मृत गराउन खोज्ने पुँजीवादी तथा नवसंशोधनवादी तत्व दुवै थरी साहित्य र कलाका विरोधी हुन्। यी दुवैको स्पष्ट लक्ष्य भनेको सर्वहारावादी विचारधारा, जीवन मूल्य र सौन्दर्यलाई नष्ट गर्नु हो। साहित्यको मूल्यवक्तालाई र मानवीय संघर्षलाई समाप्त नपार्दासम्म तिनको लक्ष्य पुरा नहुने हुँदा वास्तविक साहित्य नामेट गर्न संलग्न भएका छन्।


साहित्य वा कलाको संघर्षधर्मी एवम् परिवर्तनकामी सौन्दर्यात्मक उद्देश्यलाई क्षति पुऱ्याउन जंक साहित्यकार तथा तिनीहरुलाई स्थापित गर्ने तत्व नेपाली सर्वहारावर्गका दुश्मन हुन्। ती याथार्थको गतिशिलता, संघर्षपूर्ण रुपात्मकता र अन्तरविरोधपूर्ण प्रवृत्तिलाई बुझ्न चाहँदैनन्। यथार्थमा सैद्धान्तिक, विचारधारात्मक र सौन्दर्यात्मक मूल्यलाई हटाएर यथास्थितियुक्त, पतनशील, विरुप-घृणास्पद स्वरुपमा उभ्याई यथार्थको विरोध गर्छन्। वास्तविक जीवन र त्यसबाट मुक्तिका निम्ति गरिने महान् संघर्षका विरोधी रहेकाहरुले जंक साहित्य लेखेका छन् र तिनीहरु मूलतः साहित्य कलाका विरोधी त हुँदै हुन्, सँगसँगै साम्राज्यवाद, विस्तारवादका साथै पुँजीवादी-संशोधनवादी परस्त तत्वका भृत्य पनि हुन्।

यसका मूल अभिलक्षण, विशेषता र प्रवृत्ति निम्न रहेका छन् :

१. यथास्थितिवादलाई आफ्ना रचनामा भित्र्याउने साहित्यिक प्रवृत्ति हो।
२. यसले कला साहित्यको उद्देश्यविहीनतामा जोड दिन्छ।
३. यो सौन्दर्यात्मक आवश्यकताको पूर्तिको विरोधी छ।
४. यो मानिसको सिर्जनात्मक क्षमताको विरोधी हुनुका साथै रचनात्मक प्रयोजनविरुद्ध रहेको छ।
५. यसले मानवीय संघर्षको निरन्तरतालाई नकार्छ।
६. यसले साम्राज्यवाद र विस्तारवादको पक्षपोषण गर्दछ।
७. यो मानिसको सिर्जनशिल क्षमताका विरुद्ध उभिन्छ।
८. यो सर्वहारा तथा उत्पीडित वर्गका ऐतिहासिक संघर्ष, त्याग र बलिदानका विपरीत ध्रुवमा रहेको छ।
९. यसले जनयुद्ध तथा वर्गसंघर्षका प्राप्ति र मूल्यलाई नकार्छ।
१०. साहित्यको विशिष्ट क्षमता र प्रकृतिका विरुद्धमा उभिई वास्तविक साहित्यको निषेध गर्दछ।
११. मानिसका आकांक्षा र संघर्षका प्रतिबिम्बका रुपमा साहित्यलाई नहेरी वस्तुका रुपमा हेर्दछ।
१२. यो साहित्यमा रहेको कलात्मक, विचारधारात्मक तथा संज्ञानात्मक मूल्यको विरोधी हो।
१३. यो साम्राज्यवाद तथा विस्तारवादपरस्त तत्वद्वारा पालित पोषित छ।
१४. यसले नयाँ, मुक्त र सुखी समाज निर्माणमा जोड दिनुभन्दा भ्रष्ट, पतनशिल, अराजक एवम् मानव मूल्यहीन समाज निर्माणमा जोड दिन्छ।
१५. यसका आत्मा तत्व अर्थात् वैचारिक आधार भनेका साम्राज्यवाद, विस्तारवाद तथा दलाल पुँजीवाद, संशोधनवाद, नवसंशोधनवाद र संसदवाद हुन्।
१६. दलाल वर्गको व्यापारिक उत्पादनका रुपमा जंक साहित्यको विकास र विस्तार हुँदै आएको छ।
१७. मानिसभित्र विकसित हुँदै आएका कलाचेत, कलाबोध, र कलारुचि मार्न जोडतोडसँग लागेको छ।
१८. यो सौन्दर्य मूल्यविरोधी छ। र, मानवविरोधी एवम् इतिहासविरोधी पनि रहेको छ।
१९. कथित ठूला सञ्चारमाध्यम जंक साहित्य र तिनका प्राविधिक स्रष्टाका पक्षमा उभिएका छन्।
२०. यो मूलतः उत्तर-आधुनिक, उत्तर-मार्क्सवाद र नवमार्क्सवादसँग सम्बन्धित छ।


## कविता

### धेरै नै टाढा छ क्रान्तिको हाम्रो यात्रा


- हस्तबहादुर केसी

धेरै टाढा छ क्रान्तिको हाम्रो यात्रा
धेरै कठिन छ क्रान्तिको हाम्रो बाटो
यो लामो यात्रा पार गर्न
यो कठिन बाटोमा अगाडि बढ्न
ठूला ठूला हिमाल र पहाडहरू
पार गर्नु पर्ने छ हामीले
गहिरा गहिरा नदीनाला र जंधारहरू
कुशलतापूर्वक तर्नुछ हामीले
यो लामो यात्रा पार गर्ने क्रममा
यो कठिन बाटो हिड्ने क्रममा
ठूला ठूला पहाड र हिमालहरू
पार गर्ने समयमा
गहिरा गहिरा नदीनाला र जंधारहरू
तर्नु पर्ने कठिन घडीमा
आफूलाई धेरै क्रान्तिकारी हु भन्नेहरू
बीच बाटो मै थाक्न सक्छन्
हिड्दा हिड्दै बाटो बिराउन सक्छन्
बीच बाटो बाटै भाग्न सक्छन्
थोरैले मात्र क्रान्तिको महान लक्ष्य
बुझेका हुन सक्छन्
थोरैले मात्र कठिन यात्रा पार गर्ने
आँट गर्न सकेका हुन्छन्
ती आँटी क्रान्तिकारीहरूले मात्र
ती सच्चा क्रान्तिकारीहरूले मात्र
क्रान्तिको यो लामो यात्रा
क्रान्तिको यो कठिन बाटो
पार गर्ने सुन्दर सपनाहरू
देख्न सक्छन्
ठूलो हुलले क्रान्ति पूरा गर्ने होइन
संख्याले क्रान्तिको भविष्य निर्धारण गर्न
सक्दैन
मात्र सही विचार बोकेकाहरूले
क्रान्तिको लक्ष्य त
ती मान्छेहरूले पूरा गर्ने छन्
जो शत्रुका गोला बारुददेखि डराउदैनन्
क्रान्तिको महान र लामो यात्रा
ती मान्छेहरूले मात्र पार गर्ने छन्
जो हजार मृत्यु र बलिदानदेखि डराउदैनन्
क्रान्तिको यो कठिन बाटोमा
ती लाल सिपाहीहरूले मात्र
जो मृत्युको रातो कफन
निधारमा बाधेर
शत्रुका गोला बारुद र बंकरहरू
छिचोल्न र सामना गर्न तयार हुन्छन्
ती आँटी लालसिपाहीहरूले मात्र।
क्रान्तिको लामो यात्रा
पार गर्न सक्नेछन्
क्रान्तिको कठिन बाटो
हिँड्न सक्नेछन्
ती लाल सिपाहीहरुले मात्र
सगरमाथाको चुचुरोमा
क्रान्तिको विजयको
झण्डा गाड्न सक्नेछन्
जसले मृत्युलाई
हत्केलामा बोक्ने
आँट गरेका हुन्छन्।

## गजल


■ इन्दिरा अधिकारी

सुशासन र प्रशासनको मास बनोस संविधान
उत्पीडित वर्ग मुक्त पार्ने खास बनोस संविधान
युगौ युगदेखिका सामन्ती अवशेष जरालाई
मिल्काई समृद्ध राष्ट्र कोर्न अभिनास बनोस संविधान
बहुजाति, बहुभाषी हुँदै टुक्राउने कहाँ हो र ?
समान हक दिलाउने आभास बनोस संविधान
गरिब किसान मजदुरको हकहित रक्षा गर्ने
शिक्षा रोजगार दिलाउने गाँस बनोस संविधान
सर्वहारा वर्ग मुक्त हुने अधिकार दिलाई
शान्ति समृद्धि र विकासको आश बनोस संविधान !!

## मार्क्सवादी राजनीतिक ...

चरण" को रुपमा मार्क्सद्धारा वर्णीत चरण नै समाजवादको ऐतिहासिक चरण हो। यो चरणमा समाज सर्वहारा अधिनायकत्व अन्तरगतको समाजवादी समाज रहन्छ। समाजवादी समाजमा उत्पादनका साधनहरुमाथि सार्वजनिक स्वामित्व प्रणाली लागु गरिन्छ। श्रम गर्ने जनताले समाजवादी अर्थव्यवस्थाको नियतिको नियन्त्रण गर्दछन् र समाजको स्वामी बन्दछन्। तर पनि समाजवादी समाज साम्यवादी समाजको प्रारम्भिक अवस्था मात्र हो। "पुँजीवादी समाजको गर्भबाट भर्खरै यसको जन्ममात्र भएको छ। तसर्थ जुन पुरानो समाजबाट जन्म भएको छ, त्यसको जन्म चिन्ह अहिले पनि यसको (समाजवाद) आर्थिक, नैतिक एवं बिचारधारात्मक पक्षहरुमा देख्न सकिन्छ" (मार्क्स, गोथा कार्यक्रमको आलोचना ....)। तसर्थ समाजवादी अर्थव्यवस्थामा सामाजिक तथा प्राकृतिक असमानता विद्यमान रहनाको कारण एकैचोटी सबै प्रकारको उत्पादनका साधनमाथि सार्वजनिक स्वामित्व लागु हुन नसक्ने भएकोले सहकारी, सामूहिक र राजकीय स्वामित्वका विविध रुपहरु रहन्छन्। यस्तो अवस्थामा हामीले वर्ग अन्तरविरोध र वर्ग संघर्षलाई ठीकसँग सञ्चालन गर्न सक्नु पर्दछ, शत्रुसँगको अन्तरविरोध र जनताको आपसी अन्तरविरोध वीचको भिन्नता ठीकसँग बुझ्नु पर्दछ र तदनुरुप संचालन गर्न सक्नुपर्दछ। अन्यथा हाम्रो समाजवादी मुलुक गलत बाटोमा फस्तछ, पतन हुन्छ र पुँजीवादी पुनस्थापना हुन्छ (माओ, दि शांघाई टेक्स्टबुक, २०१० : २३४, अंग्रेजी)। त्यसैले सम्यवादी अबस्थामा नपुगुन्जेल समाजवादी राज्यव्यवस्थामा वा त्यसका निकायहरुमा श्रमिकवर्गले नियन्त्रण राख्नु पर्दछ। अन्यथा अर्थात यदी राज्यब्यवस्था वा त्यसका निकायहरुमा पुँजीवादी वर्गको दलाल वा संशोधनवादीहरुको नियन्त्रण हुन पुग्यो भने उत्पादनका साधनहरुमाथिको स्वामित्व पनि पुँजीपति वर्गको स्वामित्व हुन पुग्दछ। सोभियत संघको समाजवाद निमार्णको समयमा गरिएका गल्तीहरुबाट पाठ सिक्दै माओले चीनमा राज्यव्यवस्था वा त्यसका निकायहरुमाथिको अधिकार जनताकै हातमा हुनु पर्दछ भन्ने नीति लिए। सन् १९५६ सम्मा कृषि, हस्तकला, पुँजीवादी उद्योग र बाणिज्य क्षेत्रका उत्पादनको साधनहरुको स्वामित्वलाई समाजवादी रुपान्तरण गरिएका थिए। तर त्यसबेला समाजवादी क्रान्तिलाई निरन्तरता दिने कि नदिने भन्ने संशोधनवादीहरुसँग ठूलो बहस चलेको थियो। माओले भनेका छन् "चीनमा ... स्वामित्व प्रणालीको सम्बन्धमा मुख्यतः समाजवादी रुपान्तरण पुरा गरिएको भए पनि सत्ताबाट फ्याकिएका जमिनदार र दलाल पुँजीपति वर्ग अझै जिवित छन्, बुर्जुवाहरु पनि अझै छन् र निम्न पुँजीपति वर्गलाई पुनः संस्कृत गर्ने कार्य भर्खरै सुरु गरिएकोछ ," (जनताको विचमा अन्तरविरोधहरु संचालनवारे ...)। तसर्थ माओको "राज्य व्यवस्थामाथिको नियन्त्रणको वर्गीय स्वरुपले नै समाजवादको निरन्तरता रहने कि पुँजीवादमा परिणत हुने कुरोको टुंगो लगाउने" महत्वपूर्ण सिद्दान्त मार्क्सवादी राजनीतिक अर्थशास्त्रको क्षेत्रमा ठूलो योग्दान भएकोछ। एक पटक समाजवादी रुपान्तरण भएपछि पनि राज्य व्यवस्थामा अर्थात अधिरचनामा सर्वहारा अधिनायकत्व जारी नराख्ने हो भने त्यो पुँजीवादमा पतन हुन सक्ने सोभियत अनुभवलाई ध्यानमा राखेर चीनमा पुँजीवादको पुनः स्थापनालाई रोक्न सर्वहारा सांस्कृतिक क्रान्तिको अभियान चलाइएको थियो। माओको मृत्यू पछि (१९७६) त्यो अभियान रोकियो र पुँजीवादीहरुको पुनस्थापना हुन पुग्यो।

(१) जनता भनेको को हो ? चीनको वर्तमान चरणमा जनता भनेका मजदुरवर्ग, किसान समुदाय, सहरिया निम्न पुँजीपति वर्ग र राष्ट्रिय पुँजीपति वर्ग हुन्। मजदुरवर्ग र कम्युनिष्ट पार्टीको नेतृत्वमा यो वर्गहरुले एकतावद्ध भएर आफ्नो राज्यको निमाण र आफ्नो सरकारको निर्वाचन गर्दछन् ; साम्राज्यवादका पाल्तु कुकुरहरु, जमिनदार वर्ग र नोकरशाह-पुँजीपतिवर्गमाथि तथा तीवर्गका प्रतिनिधि कोमिङतान प्रतिकृयावादीहरु र तिनका सह-अपराधिहरुमाथि तिनले आफ्नो अधिनायकतंत्र लागु गर्दछन् ... अर्थात जनताको निम्ति जनवाद र प्रतिकृयावादीमाथि अधिनायकतंत्र नै जनताको जनवादी अधिनायकतंत्र हो (माओ,२०४८ : ४५५, च. र. भाग -४, अनु. खगेन्द्र संग्रौला)।

(२) दलाल भन्नाले विदेशी ब्यापारिक संस्थानमा काम गर्ने चिनियाँ प्रवन्धक वा उच्च चिनियाँ कर्मचारीलाई जनाउँछ (माओ, २०५७ : ६, स.र.,भाग-१,अनु ; कृष्णदास, काठमाण्डौं : प्रगति प्रकाशन)।

२०७३। ०९।१३

## नछोडौं, नझुकौं ...

आवश्यकता बनेको छ। कति इमान्दारिताको साथ हामी अगाडि बढ्न सक्छौं ? राष्ट्रिय मुक्ति आन्दोलन आवश्यक छ। यसलाई सशक्त ढंगले अगाडि बढाउन जरुरी छ। राष्ट्रिय स्वाधीनताका निम्ति अरु देशले के गरेका छन् हेरौं न। नेपाली पूर्खाहरुले नै के के गरे ? पूर्खाको इतिहास हेरौं। भियतनाम के गरेर मुक्त भएको हो ? हेरौं, पढौं। विश्वभर चलेका राष्ट्रिय मुक्ति आन्दोलनहरुको अध्ययन गरौं र शिक्षा लिएर हामी अगाडि बढौं। राष्ट्रिय प्रतिरोधको आन्दोलन उठाउनु पर्छ। आवश्यक पऱ्यो भने सशस्त्र संघर्ष, त्यस्तै परे दीर्घकालीन जनयुद्ध समेत गर्न तयार हुनुपर्दछ। हामीले कति गम्भीरतापूर्वक सोचेका छौं राष्ट्रियताको प्रश्नलाई ? हो, यस हिसाबले सोचेर जाऔं। नछोडौं, नझुकौं र दृढतापूर्वक अगाडि बढौं !

(किरणले शनिबार (पौष १६) नयाँ बानेश्वरमा क्रान्तिकारी माओवादी, माओवादी र मसालले संयुक्त रुपमा आयोजना गरेको 'जलस्रोतमाथिको हस्तक्षेप र राष्ट्रिय स्वाधीनता' विषयक अन्तर्क्रियामा व्यक्त गरेको विचारको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको हो।)

## नयाँ ढङ्गको ...

सहित सर्वसंम्मत रुपमा ती दुवै प्रस्ताव पारित गरिए।

४. सो राजनीतिक प्रस्तावमा सरकारद्वारा प्रस्तुत संविधान संशोधन विधेयक विस्तारवादी कोण र एमालेद्वारा गरिएको विरोध सामन्तवादी कोणमा आधारित भएकोले ती दुवैको विरोध गर्ने, पहिचान तथा सामर्थ्यका आधारमा राज्य पुनर्संरचना गरिने भनिएकोमा सो पनि नगरिएको स्थितिमा बसोबासको सघनता एवम् जातीय पहिचानसहितको स्वशासनमा आधारित सघीय स्वायत प्रदेशहरुको स्थापनामा जोडदिने, श्रमजीवी वर्ग तथा उत्पीडित जनसमुदायका बिचमा ऐक्यवबद्धता कायम गर्ने र वर्तमान पश्चगामी संविधान खारेज गरी संघीय जनगणतान्त्रिक संविधानको निर्माणका लागि संघर्षलाई विकसित तुल्याउने नीति अवलम्वन गरिएको छ।

५. संगठन निर्माण, विस्तार तथा सुदृढीकरण गर्ने र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याबारे जनतालाई जागरित तुल्याउने, वर्तमान पश्चगामी सविधानको खारेजी तथा संघीय जनगणतान्त्रिक संविधानको स्थापनाको पक्षमा जनाधार तयार पार्ने, भष्टाचार कालावजारीको विरोध गर्ने लगायतका विषयलाई लिई माघदेखि चैत्रसम्म तीन महिने अभियान संञ्चालन गर्ने।

६ं संगठन तथा संघर्षका कामहरुमा बढीजोड दिनुपर्ने भएको र तयारीका कतिपय काम पनि अझै पुरा नभइसकेकोले राष्ट्रिय संम्मेलनलाई केही पर सारिएको छ र यसको समय निर्धारण आगामी केसको बैठकमा गरिने छ।

७. नयाँ ढंगको पार्टी निर्माण तथा ध्रुवीकरणमा विशेष जोडदिदै विभिन्न रुपमा छितरिएर रहेका क्रान्तिकारी कम्युनिस्टहरुलाई एकतावद्ध गर्दै जाने ठेगान भएको छ।"

# वर्तमान संविधानमा उठेका विवाद र बहस



– पवनमान श्रेष्ठ

१. प्रचण्ड र बाबुरामको राष्ट्रिय तथा वर्गीय आत्मसमर्पण तथा जनमुक्ति सेनाको विघटन र बिसर्जन गरिनु ।

२. क्षेत्री समाज, दशनामी समाज आदिबाट त्यसपछि संगठित रुपमा प्रतिगामी गतिविधिहरु बढाइनु, अखण्ड सुदुरपश्चिम, अखण्ड चितवनजस्ता प्रतिगामी गतिविधि हुनु । काँग्रेस, एमाले लगायत अन्य प्रतिगामी दल तथा शक्तिहरुद्वारा राज्य पुनसंरचना तथा राज्यशक्ति बाँडफाँड समितिद्वारा पारित १४ प्रदेश राज्य पुनसंरचना उच्चस्तरीय आयोजनाद्वारा प्रस्तावित तथा पारित १० भौगोलिक प्रदेश र १ गौरभौगोलिक प्रदेशको अस्वीकृति तथा विरोध गरिनु ।

३. विवाद समाधान उपसमितिका सभापतिका हैसियतले प्रचण्डद्वारा विवाद समाधानका लागि निर्णय प्रकृयामा नलगिनु ।

४. जनयुद्ध र जन आन्दोलनको म्याण्डेट अनुसार बनेको संविधान सभा विदेशी डिजाइनमा प्रचण्ड र बाबुरामद्वारा विघटन गराइनु ।

५. भारतीय डिजाइनअनुसार प्रचण्डको प्रस्तावमा खिलराज रेग्मीको नेतृत्वमा सरकारको गठन तथा सेना परिचालनसहित कथित संविधान सभाको दोस्रो निर्वाचन गरिनु ।

६. ०७२ असोज ०३ गते मधेसी, थारु, जनजाती र क्रान्तिकारी पार्टीहरुको विरोधका बाबजुद जबर जस्ती प्रतिगामी संविधान घोषणा गरिनु ।

७. मधेशी, थारुको व्यापक आन्दोलन, जनजाती र क्रान्तिकारी पार्टीहरुको विरोध हुनु । संविधान घोषणाको निहुँ बनाएर भारतीय हस्तक्षेप र अघोषित नाकाबन्दी हुनु ।

८. प्रचण्डको प्रधानमन्त्रीको हैसियतले भारत भ्रमण र भारतसँग २५ बुँदे राष्ट्रघाती सहमती हुनु । देउवाको भारत भ्रमण र दलाई लामाको सरकारका प्रधानमन्त्रीसँगै कार्यकक्षमा सहभागी हुनु । भारतीय राष्ट्रपतिको नेपाल भ्रमण हुनु ।

९. प्रतिगामी संविधान घोषणा भएको ४ महिना नबित्दै ओली सरकारको नेतृत्वमा पहिलो संविधान संसोधन हुनु । पुन : २ बर्षपछि प्रचण्डको नेतृत्वको सरकारले मधेशी मोर्चाको माग पुरा गर्न भनेर भाषा, नागरिकता, राष्ट्रिय सभामा प्रदेशहरुको प्रतिनिधित्व र सिमाङ्कनबारे ४ वटा विषय समेटेर संशोधन विधेयक पेश हुनु । मुख्य विवादित विषय बनेको सीमाङ्कनमा सरकारले ५ नं प्रदेशको भूगोल तराई र पहाड छुट्याएर विधेयक पेश गर्नु ।

१०. एमालेद्वारा संविधान संशोधनको प्रस्तावको विरोध गरिनु र बुटवलको घटना हुनु ।

११. प्रतिगामी संविधान र संशोधनको प्रस्तावद्वारा जनता बीचमा द्वेष तथा वैमानस्यताको बिजारोपण गरिनु, जनता जनता भिडाएर नेपालमा अस्थिरता पैदा गरी भारतीय विस्तारवादद्वारा आफ्नो दुनो सोझ्याउने काम हुँदै गरिनु ।

१२. गम्भीर संकटमा परेको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रश्न ओझेलमा पारिनु ।

१३. आन्तरिक राष्ट्रियताको समस्या हल नभई वाह्य राष्ट्रियता तथा राष्ट्रिय स्वाधिनताको रक्षा असंभव छ र देशको राष्ट्रिय स्वाधीनताको रक्षा नभई आन्तरिक राष्ट्रियता मजबुद हुन असंभव छ तथा द्वन्द्वात्मक सम्बन्ध हुनु ।

१४ समस्याको समधान संविधान संशोधन होइन, खारेज गरेर मात्र संभव छ । यसका लागि दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादको समूल नष्ट गरी सम्पन्न हुने नयाँ जनवादी क्रान्तिपश्चात् बन्ने संघीय जनगणतन्त्रात्मक संविधानले मात्र सम्भव हुन्छ ।

१५. यसका लागि सर्वहारा वर्गका नेतृत्वमा वामपन्थी, प्रगतिशिल, देशभक्त तथा जनतान्त्रिक पार्टी तथा शक्तिहरुको संयक्त संघर्षमा आम उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको सहभागितासहितको आन्दोलनका आँधीवेहरी सिर्जना गर्नु आवश्यक छ ।

(देजमो, नेपाल नेवाःले मंसिर २७ मा गरेको ‘ वर्तमान संविधानमा उठेका विवाद र बहस’ शीर्षकको अन्तर्क्रियामा श्रेष्ठले प्रस्तुग गरेको बुँदागत अवधारणपत्रमा आधारित)

सवाल-जवाफ विशेष

# जोखिम उठाउने साहस गर्नै पर्दछ :



सुरेश गौतम
केन्द्रीय सदस्य, नेकपा
(क्रान्तिकारी माओवादी)

***➲ तपाईंको पार्टीले माओवादी आन्दोलनमा क्रान्तिकारी धाराको रक्षा गरेको दावी गरेको छ । कसरी रक्षा गरेको छ ?***

माओवादी आन्दोलन नेपालमा साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप तथा अतिक्रमणको अन्त्यका साथै बहुसंख्यक श्रमिक तथा उत्पीडित वर्ग किसान, मजदुरका साथै जातीय, क्षेत्रीय, लैंगिक, धार्मिक, सांस्कृतिक रुपमा उत्पीडनमा पारिएका जनतामाथिको उत्पीडनको अन्त्य गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने नेपालको सबैभन्दा क्रान्तिकारी धाराको आन्दोलन हो । खासगरी जनगणतन्त्र नीति तय गर्ने र शान्ति सम्झौताको पेरीफेरीमा आइपुग्दा नेतृत्व, खास गरेर तत्कालीन पार्टी अध्यक्ष पुष्पकमल दाहालमा गम्भीर प्रकारका वर्गीय तथा राष्ट्रिय आत्मसर्पणका (दलाल, नोकरशाह र सामन्त वर्ग र भारतीय विस्तारवाद सामु लम्पसार पर्ने) समस्याहरु श्रृखलाबद्ध रुपमा पैदा हुँदै गयो । जस्ले करोडौं जनता तथा हजारौं लाखौं नेता तथा कार्यकर्ताको योगदान र वलिदानको वलमा रणनैतिक प्रत्याक्रमणको चरणमा विकास गरेको महान जनयुद्ध र त्यसका उपलब्धिहरुलाई ब्यक्तिगत तथा गुठगत स्वार्थ र सत्तालिप्सामा परेर एक पछि अर्को गर्दै ध्वस्त गर्दैं जाने काम हुँदै आएको छ । पछिल्लो पटक नयाँ जनवादी क्रान्तिको आवश्यक्तालाई नै अस्वीकार गर्दै भारतीय विस्तारवाद संरक्षित दलाल, नोकरशाह र सामन्त वर्गको प्रतिगामी संसदीय संविधान ल्याएर देशको आमूल परिवर्तनको पक्षमा रहेका आम जनतामाथि थोपर्न सोही नेतृत्व मरिहत्ते गरिरहेको छ ।

यि र यस्ता अनेकौं मालेमावादका आधारभूत विचार तथा सिद्धान्तबाट विचलित हुने, जस्का विरुद्ध भिषण संघर्ष गरियो । अन्तत सोही वर्गसंग सत्ताको भागबण्डा गर्ने र परिर्वतका पक्षधर जनसमुदायलाई धोका दिएर संसदीय ब्यवस्थामा ल्याएर पार्टीको सर्वहारावर्गीय चरित्र नै परिवर्तन गर्ने तत्कालीन नेतृत्वसँग सम्बन्ध विच्छेद गर्दै माओवादी पार्टीलाई पुनर्गठन गर्न हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) र त्यसको नेतृत्व सफल भएको छ । पुनर्स्थापित संसदीय ब्यवस्थालाई अस्वीकार गर्दै त्यसको संविधानको खारेजसहित नयाँ जनवादी क्रान्तिको कार्यभार सम्पन्न गर्न त्यसको तयारीको कामलाई बैचारिक र संगठनात्मक रुपमा सम्पन्न गर्दै यो पार्टी अघि बढेको छ । क्रान्तिको कार्यभार लिएर र त्यसको लागि दृढतापूर्वक लागेर मात्र क्रान्तिकारी धाराको रक्षा हुन सक्दछ । यो काम राष्ट्रिय तथा वर्गीय दुवै रुपमा आत्मसमर्पण गरेका या वाम खोल भिरेका माओवादी नामधारीहरुबाट संभवै छैन । यो दिशामा हाम्रो पार्टी इमान्दारिताका साथ अघि बढेको छ । आज मालेमाका आधारभूत नीति तथा विचारबाट विचलित नभइकन नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने राजनैतिक र फौजी कार्यदिशा भएको एकमात्र कम्युनिष्ट पार्टी नेकपा (क्रान्तिकारी माओवादी) हो ।

***➲ तपाईहरु जस्तो युवाहरु क्रान्तिकारी माओवादीमा हुनुहुन्छ, क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन अब तपाईंको भूमिका के हुन्छ ?***

देशको आमुल परिवर्तनको अपेक्षा राख्ने युवाहरुलाई क्रान्तिकारी माओवादीले महत्वपूर्ण जिम्मेदारी दिएर अपेक्षा गर्ने तहबाट स्वयम् जिम्मेदारी उठाउने नेतृत्वमा विकास गरेको छ । क्रान्ति या परिवर्तन परिपक्व र श्रेष्ठ बैचारिक नेतृत्व संगै लाखौं युवाहरुको बलिदानीपूर्ण आन्दोलनबाट मात्र संभव हुन सक्छ । हामीले पार्टीमा क्रान्तिकारी नीति र कार्यक्रम निर्माण गर्न नेतृत्वलाई सहयोग गर्नुका साथै त्यसको कार्यान्वयनको लागि सकृय पहलकदमी लिन मद्दत गर्छौं । आज ठूलो संख्यामा युवाहरु जीवन निर्वाह गर्न या राम्रो अवसरको खोजीमा अस्थायी या स्थायी रुपमा देशबाट पलायन भैरहेका छन् । राजनैतिक आन्दोलन र नेतृत्वप्रति निरशा र उदासिनता प्रकट गरिरहेका छन् । यस्तो अवस्थामा हामीले सामाजिक तथा राजनैतिक रुपमा असल ब्यवहार प्रदर्शन गर्दै युवा समुदायलाई देशको आमुल परिवर्तनको आन्दोलनको जिम्मेदारी र नेतृत्व लिनका लागि उत्प्रेरित गर्ने तथा निराशा र पलायतनता होइन, संघर्षबाट नै मुलकको विध्यमान संकटको समाधान खोज्नको लागि हाम्रो ठाउँबाट अधिकतम क्रियाशिल रहने छौं ।

***➲ माओवादी आन्दोलनभित्र निराशाका स्वरहरु पनि प्रसस्तै सुनिन्छन् । यसलाई आशामा बदलेर तपाईंको पार्टीले क्रान्ति सफल पार्नेमा कत्तिको विस्वस्त हुनुहुन्छ ?***

माओवादी आन्दोलनभित्र निराशा देखापर्ने बस्तुगत पक्षहरु प्रवल छन । नेपालका जति पनि ठुला र परिवर्तनकारी आन्दोलनहरु भए ति सबै यो वा त्यो रुपमा धोका र सम्झौतामा नै अन्त्य भएका छन । माओवादी आन्दोलनको पछिल्लो परिणाम समेत विगतका आन्दोलनका धोका कै पुनरावृत्तिको रुपमा भयो । यस्ता नकारात्मक विरासतहरुले निश्चय पनि आन्दोलनभित्र निराशाहरु उत्पन्न गर्छ । आदर्शवादी तथा कमजोर राजनैतिक चेतना र अवसरवादी मनोवृत्तिले देशमा क्रान्ति या परिवर्तनको अनिवार्यतालाई देशको विद्यमान आर्थिक, सामाजिक तथा राजनैतिक बस्तुगत संकटबाट भन्दा पनि अमूक ब्यक्ति या पार्टीका मानिसहरुको जीवन ब्यवहारमा खोजछन् । त्यस्ता ब्यक्ति र पार्टीका मानिसहरुको गतिविधिबाट बढी उत्साहित या निरास भैहाल्छन् । माओवादी आन्दोलनभित्र वर्ग संघर्ष र समाज विकासका नियमहरुलाई मालेमावादी दर्शनको आधारमा प्रशिक्षित गर्ने कामलाई प्राथमिकता दिनु पर्दछ । साथै कम्युनिष्ट पार्टीले सुन्दर रणनीति बनाएर र त्यसलाई दोहोऱ्याएर बस्ने होइन । राष्ट्रिय स्वाधीनता र जनताका दैनिक जीवनका संकट विरुद्ध जनताको साथमा रहेर जुझरु संघर्ष उठाउन आवश्यता अनुसारको जोखिम उठाउने साहस गर्नै पर्दछ । शासक वर्गले बैधानिक तथा अबैधानिक रुपमा जनता जनजीविकाका सबालमा पैदा गरेको संकटको समयमा रमिते बनेर बस्ने गरियो र सुन्दर रणनीतिको लागि अपील मात्रै गरियो भने यो निराशालाई आशामा बदलन र क्रान्ति सम्पन्न गर्न संभव हुँदैन । हाम्रो पार्टीले हाम्रो आजको कमजोर आत्मगत स्थितिबाट माथि उठेर समग्र परिवर्तकारी आन्दोलनको नेतृत्व गर्न तत्कालिन र दिर्घकालिन महत्वका निर्णयहरु गरेको छ र यो प्रकृियालाई पार्टीको राष्ट्रिय सम्मेलनसम्ममा एउटा निर्णायक निष्कर्षमा पुऱ्याउने छ । यसबाट सम्पूर्ण पार्टीपंक्ति राजनैतिक, बैचारिक र संगठनात्मक रुपले सुदृढ र ब्यवस्थित बन्ने छ । एउटा कम्युनिष्ट पार्टीको सदस्य हुनुको हैसियतले पनि मलाई के विश्वास छ भने नेपालमा नयाँ जनवादी क्रान्तिको नेतृत्व क्रान्तिकारी कम्युष्टि पार्टीले नै गर्छ, जुन हाम्रो पार्टी मुख्य कार्यभार नै हो ।

जम्काभेट

# सबैको आशा र विश्वास क्रान्तिकारी माओवादीमा नै छ



**विन्दा मगर,**
के.स., नेकपा (क्रान्तिकारी माओवादी)

***» तपाईको आफ्नो कार्यक्षेत्रमा क्रान्तिकारी माओवादीको स्थिती कस्तो छ ?***

मेरो कार्यक्षेत्र भक्तपुरमा पार्टीभित्रका टुटफुट र विभाजनको प्रभावले पार्टी संगठन र कार्यकर्तामा निरासा, कुण्ठा, हिनताबोध र पलायनता प्रसस्तै देखा परेतापनि पार्टीको सहि र क्रान्तिकारी सिद्धान्त र विचारले सबैमा आशा जगाएको छ । पार्टीको आत्मगत स्थिति कमजोर भएपनि क्रान्तिकारी माओवादीलाई हेर्ने दृष्टिकोण जनतामा सकरात्मक रहेको छ । क्रान्तिकारी माओवादीप्रति आशा र भरोसा छ र आन्तरिक पार्टी संगठनहरु सुदृढ र विस्तार हुँदै गएको छ ।

***» क्रान्तिकारी माओवादीमा उत्पीडित महिलालाई आबद्ध गराउन के गर्न जरुरी छ ?***

विशेषत उत्पीडित महिलाहरुको वास्तविक मुद्दालाई पहिचान गरी समाधानको विधि खोलिनु पर्छ । राजनैतिक पार्टीहरुमा उत्पीडित महिलाहरुको मुद्दा समाधान गर्नका लागि सहि नीति र कार्यक्रम तय गर्नु पऱ्यो । उत्पीडित महिलाहरुलाई समेट्न सक्ने खालको नीति योजना निर्माण गरेर जान सक्यौ भने क्रान्तिकारी माओवादी पार्टीमा उत्पीडित महिलाहरुलाई आवद्ध गराउन सकिन्छ । उत्पीडित महिलाहरुको वास्तविक समस्यालाई आत्मसाथ गर्नुपर्छ । सबैको आशा र विश्वास क्रान्तिकारी माओवादीमा नै छ र त्यो आशालाई निराशा बनाउनु हुँदैन ।

***» जनयुद्धमा महिलाहरुको भूमिका उल्लेखनीय थियो तर अहिले भने माओवादीमा महिलाहरु गुमनाम हुँदै गएको देखिन्छ किन होला ?***

जनयुद्धकालमा उत्पीडित महिलाहरुको वास्तविक मुद्दालाई उठान गर्दै त्यसको कार्यान्वयन पक्षमा पनि गएको थियो । महिलाहरुमा पुर्ण आशा र विस्वास थियो, त्यसले गर्दा महिलाहरुको सहभागिता र भुमिका उल्लेखनीय रह्यो । जब पार्टी शान्तिकालमा प्रवेश गऱ्यो । तत् पश्चात महिलालगायत उत्पीडित जातिहरुको मुद्दाहरु छोडिदै गए । उत्पीडित जाति, वर्ग, क्षेत्र र महिलाहरुको वास्तविक मुद्दा उठान गर्न भन्दा पार्टीभित्र दक्षिणपन्थी अवसरवाद र पदलोलुप्ता हावी हुदै गयो । पार्टीभित्र टुटफुट, विभाजन र पलायन हुँदै गयो । यसले पुरै समाज निरास भएको अवस्थामा स्वाभावैले महिलाहरुमा पनि निरासा, पलायनता र राजनीति प्रति वितृस्णा भएर आयो । यी नै कारणले गर्दा महिलाहरुको सहभागीता माओवादीलगायत राजनैतिक क्षेत्रमा नै न्यून हुँदै गयो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेहूथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# रिहाईका लागि भारतीय बुद्धिजीवीहरूको माग

**दिल्ली** । भारतको छत्तिसगढ जिल्लाको बस्तरमा भएको हत्या सम्बन्धी घटनाहरूको स्थलगत अध्ययनका लागि गएको मानवअधिकारवादीहरूको टोलीलाई भारतीय सुरक्षा फौजले गरेको गिरफ्तारीको विरोधमा र विनाशर्त रिहाईका लागि आवाज उठाउन भारतीय बुद्धिजीविहरुले सार्वजनिक आव्हान गरेका छन् । यसरी सार्वजनिक आव्हान गर्नेहरुमा ‘कमिटी फर प्रोटेक्सन अफ डेमोक्रेटिक राइट्स’, (सिपिडिआर), ‘पिपुल्स युनियन फर सिभिल राइट्स (पियुसियल), ‘एसोसिएसन अफ डेमोक्रेटिक राइट्स (एफडिआर), एसोसियसन फर प्रोटेक्म्सन अफ डेमोक्रेटिक राइट्स, (पिडिआर), सियलसी, सिओआर, लगायत दिल्ली, मणिपुर, पंजाव, बङ्गाल, मुम्बई, आसाम, तमिलनाडुमा क्रियाशील मानअधिकारवादी संस्थाहरू रहेका छन् ।

’कमिटी फर प्रोटेक्सन अफ डेमोक्रेटिक राइटस् (सिपिडिआर),का महासचिव तथा चर्चित लेखक आनन्द तेलतुंबडेले एक वक्तव्य जारी गर्दै सर्बोच्च अदालतले छिटोभन्दा छिटो जेल पठाइकाहरूको सम्बन्धमा कारण देखाउ आदेश जारी गरेर रिहाइको पहल गर्नुपर्ने, मुठभेडका नाममा निर्दोष नागरिकको हत्या रोक्नुपर्ने र यस्तो कार्यमा संलग्न प्रहरी तथा अधिकारीहरूमाथि कारबाही गर्नुपर्ने र हालै छत्तीसगढमा मुठभेडका नाममा गरिएका हत्याका घटनाहरूको सही छानबिनका लागि सर्बोच्च अदालतका न्यायाधिश र नागरिक समाजका प्रतिनिधि सम्मिलित निष्पक्ष आयोग गठन हुनुपर्ने माग गरेका छन् ।

गिरफ्तार गरिएका मानवअधिकारवादीहरूमा तेलङ्गना-आन्ध्र हाइकोर्टका वकिल वाला रविन्द्रनाथ, चिक्कुड प्रभाकर, पत्रकार राजेन्द्रप्रसाद, सामाजिक कार्यकर्ता बि. दुर्गाप्रसाद, आन्ध्रस्थित संस्था ‘कुला निर्मूलन पुराता समिति’का अध्यक्ष डि. प्रभाकर तथा आदिवासी मानवाधिकारवादी आर. लक्ष्मैया र विद्यार्थी मो. नजिर रहेका छन् । उनीहरू सबै ‘तेलङ्गना डेमोक्रेटिक फ्रन्ट’का सदस्यहरू हुन् । उनीहरुलाई घटनाको स्थलगत अध्ययन गर्न जाँदै गर्दा बीच बाटोबाटै पक्राउ गरी षड्यन्त्रपूर्ण किसिमले जेल पठाइएको थियो । यस घटनाले भारतीय राज्यको फाँसिवादी चरित्रका विरुद्ध ठूलो जनमत सिर्जना भइरहेको छ । उनीहरुलाई भारतमा जनयुद्धरत माओवादीलाई सघाएको निराधार आरोप त्यहाँको सरकारले लगाउँदै आएको छ । यो घटना अहिले अन्तर्राष्ट्रिय चासोको विषयसमेत बनेको छ ।

## आलोपालो

# क्रान्तिकारीहरुको कार्यभार



हरिकृष्ण गजुरेल

"एउटा कमजोर मुलुकले बलियो राष्ट्रलाई पराजित गर्न सक्छ, एउटा सानो मुलुकले ठूलो मुलुकलाई हराउन सक्छ । सानो मुलुकका जनताले ठूलो मुलुकद्वारा गरिएको आक्रमणलाई निश्चय पनि परास्त गर्न सक्छन्, यदि उनीहरुले संघर्षको उठान गर्न सके भने, यदि उनीहरुले हतियार उठाउने साहस गरे भने उनीहरुले आफ्नो मुलुकको भाग्य आफ्नो हातमा लिन सक्छन् । यो इतिहासको नियम हो ।"
- माओ

उक्त भनाई नेपालको वर्तमान अवस्थालाई नियाल्दा साँच्चै मार्गनिर्देशनको रुपमा रहेको स्वतः स्पष्ट हुन्छ । अहिले देश गम्भिर संकटको अवस्थाबाट गुज्रिरहेको छ । देशी-विदेशी, प्रतिक्रृयावादी, सामन्तवादी, साम्राज्यवादी र विस्तारवादीको ताण्डब नृत्यमा झुमिरहेका नेपाली शासकहरुको रवैयाले अन्ततः राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल अत्यन्तै विकराल बन्न पुगेको छ । आफ्नै मुलकका शासकहरुको दास बन्न बाध्य र विवश छन् नेपाली जनता । मुट्ठीभरका दलाल, भ्रष्ट र तस्करहरुको दबदबाले दिनप्रतिदिन मजदुर, किसान, उत्पीडित र उपेक्षित जनता रोग, भोग, अशिक्षा र अभावजस्ता दर्दनाक स्थितिबाट गुज्रन बाध्य छन् ।

विदेशीको गुलामी र चाकरीबाट शासन सत्तामा पुगेकाहरु आफ्नो लुटको स्वर्ग बचाई रहनको लागि तल्लिन भएको पाइन्छ भने विदेशीका गुलामी गर्नेमा प्रतिस्पर्धा गर्न मै होडबाजी गरिरहेको देखिन्छ । साम्राज्यवादी, विस्तारवादी मुलुकहरु आफ्नो दबदबा कायम राखि निरन्तर आफ्नो हैकमलाई बढाउँदै लगिरहेका छन् । साँच्चै अब क्रान्तिकारीहरु जाग्नुपर्ने बेला आएको छ । राष्ट्रिय स्वाधीनताको निम्ति आम शोषित, उत्पीडित, उपेक्षित जनतालाई गोलबन्द गरी राष्ट्रिय मुक्ति आन्दोलनको नेतृत्व क्रान्तिकारीहरुले गर्नुपर्ने अपरिहार्यता सृजना भएको छ । साथसाथै जनतन्त्र र जनजीविकाको सुनिश्चितताको लागि पहलकदमी लिनुपर्ने बेला आएको छ । विजयको सन्निकट पुगेको क्रान्ति प्रतिक्रान्तिमा बदलिन पुग्नु र क्रान्तिको नायक नै खलनायक र अन्ततः प्रतिक्रान्तिको पनि नायकमा बदलिन पुग्नुले आम शोषित, उत्पीडित, उपेक्षित जनतामा निराशा पैदा भएको छ । त्यसलाई पुनः क्रान्तिकारी आशावादमा बदल्नु पर्दछ । जसको निम्ति क्रान्तिकारीहरुले अथक मेहनत गर्नैपर्ने हुन्छ । जुन कुरा क्रान्तिकारीहरुको वर्तमानको कार्यभार बनेर आएको छ ।

अब क्रान्तिकारीहरुले संघर्षको उठान गर्ने पर्दछ भने आवश्यक पर्दा जस्तोसुकै त्याग, बलिदानी र विरताको निम्ति पनि तयार रहनै पर्दछ । आवश्यक परेमा हतियार उठाउने सहास समेत गर्नैपर्दछ भने समग्र मुलुकको भाग्य र भविष्य निर्माणको खातिर दृढताका साथ मैदानमा उत्रेर नेतृत्वदायी भूमिका निर्वाह गर्ने आँट गर्नै पर्दछ । जनघात र राष्ट्रघात गर्नेहरुका विरुद्ध निर्मम संघर्ष गरेर जरैदेखि धुलिसात बनाएरै छोड्नुपर्दछ । जुन कार्यभार क्रान्तिकारीहरुको काँधमा आएको छ ।

आज मुलुकमा भारतीय विस्तारवादद्वारा जबर्जस्त लादिएका असमान सन्धि सम्झौताहरुले आक्रान्त बन्न पुगेको छ । नेपाली जनता पीडाले छट्पटाइरहेका छन् । तर शासकहरु भारतीय विस्तारवादको चाकरी गर्नमै प्रतिस्पर्धा गरिरहेका छन् । अब क्रान्तिकारीहरुले यी यावत असमान सन्धि सम्झौताहरुका खारेजी लगायत समुन्नत, स्वाधीन र सार्वभौम मुलुक निर्माणको निम्ति समग्र रुपले पहल कदमी लिने आँत गर्नै पर्दछ र दलाल शासकहरु लगायत तमाम प्रतिक्रयावादी, यथास्थितिवादी, सामन्तवादी र साम्राज्यवादी अवशेषहरुलाई समेत धूलोपिठो पारी पत्तासाफ गर्नुपर्दछ । जसको निम्ति आम क्रान्तिकारी, देशभक्त, उत्पीडित, उपेक्षित र शोषित जनताहरु विचको गठजोडमा संघर्षको आँधीबेहरी सृजना गर्नुपर्दछ । नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी बैज्ञानिक समाजवादको खातिर अघि बढ्नै पर्दछ । नेपालको मात्र नभएर समग्र विश्वको समस्यको समाधान बैज्ञानिक समाजवादले मात्र गर्नेछ । दिन प्रतिदिन मार्क्सवादको अपरिहार्यता बृद्धि हुँदै  गईरहेको छ । अहिले विश्वमा एकाधिकार पूँजीवादले निम्त्याएको संकट चरम बन्दै गईरहेको छ । मार्क्सवाद बाहेक अरु माध्यमले विश्वको संकट समाधान हुनेवाला नै छैन । आज पूँजीवाद असफलताको दिशामा पुगेको र मार्क्सवादको सान्दर्भिकता ह्वात्तै बढेर गएको कुरा अमेरिका र यूरोपमा खोलिएका मार्क्सवादी पुस्तकालहरु र त्यहाँका कतिपय विश्वविद्यालयहरुमा पूँजीवादको विकल्पमा हुन थालेका मार्क्सवादी बहसहरुले स्वतः सिद्ध पुष्टि गर्दछ । त्यसकारण मार्क्सवाद र मालेमावाद असफलतातिर जाँदैछ भनेर डंका पिट्नु साम्राज्यवादी र विस्तारवादीहरुको चित्कारबाहेक अरु केही होइन । मुख्यतः 'दुनियाँ बद्लु हो' भन्ने कुरालाई आत्मसात गर्दै क्रान्तिकारीहरुले पुर्ण रुपमा आशावादी हुँदै क्रान्ति समान्न गरी जनताको जीवनस्तरमा आमुल परिवर्तनको लागि पहलकदमी लिने आँट गर्नै पर्दछ ।

संख्यात्मक रुपमा धेरै र थोरै भन्दा पनि दृढ आत्मविश्वास, क्रान्तिकारी भावबाट लैस हुनुको साथै आवश्यक पर्दा क्रान्तिकारीहरु आगोको झिल्को बन्नु पर्दछ । आगोको झिल्को सानो भए पनि संसार डढाइदिन्छ, त्यस्तै क्रान्तिकारीहरु थोरै भएता पनि संसारका साम्राज्यवादी र विस्तारवादीहरुका लुटको स्वर्गलाई खरानी बनाई दिनुपर्दछ भने आम शोषित, उत्पीडित, उपेक्षितहरुको सहभागिता एवं नेतृत्वदायी भूमिका रहेको जनवादी राज्यसत्ता स्थापना गरेरै छोड्ने दिशामा निरन्तर अघि बढ्न क्रान्तिकारीहरु प्रतिबद्धताका साथ तैयार बन्नै पर्दछ । जसको निम्ति आम शोषित, उत्पीडित, उपेक्षितहरुलाई गोलबन्ध गरी क्रान्तिकारहिरु दृढ आत्म विश्वास र अदम्य साहसका साथ नेतृत्वदायी भूमिका निर्वाह गर्दै निराशावाद र निस्कृयतावादलाई क्रान्तिकारी आशावादमा बदलेर अघि बढ्ने साहस गर्नु पर्दछ । माओवादीका नाममा माओवादीलाई नै भ्रष्टीकरण गर्नेहरुका विरुद्ध ने.क.पा.(क्रान्तिकारी माओवादी) का नेता कार्यकर्ताहरु जनताका बीचमा गएर वास्तविकता चिरफार गरी जनतालाई यथार्थ रुपमा बुझाउने काम समेत गर्नुपर्दछ भने मालेमाको रक्षा, प्रयोग र विकासको वातावरण निर्माणको लागि अथक मेहनत गर्नैपर्दछ । 'तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौं' भन्ने माओको भनाइलाई आत्मसात गर्नुपर्दछ ।

क्रान्तिकारीहरुले बोध गर्नुपर्ने कुरा जसरी भियतनामी जनताले हो चि मिन्हको नेतृत्वमा अमेरिकी साम्राज्यवादलाई धूलो चटाउन सफल भए, त्यसैगरि नेपाली क्रान्तिकारीहरुले मोहन वैद्य 'किरण'को नेतृत्वको ने.क.पा. (क्रान्तिकारी माओवादी) पार्टीको नेतृत्वमा आम शोषित, उत्पीडित समुदायलाई गोलबन्द गरी साम्राज्यवादी र विस्तारवादीहरुलाई धूलो चटाइ जनवादी व्यवस्था स्थापना गर्ने पर्दछ । क्रान्तिकारीहरुले आफ्नो मुलुकको भाग्य र भविष्य आफ्नो हातमा लिने आँट र साहस गर्नैपर्दछ । यो क्रान्तिकारीहरुको प्रमुख दायित्व र कार्यभार नै हो ।

# भारी हिमपातले जनजीवन कष्टकर

◆ वर्गदृष्टि संवाददाता/गोरखा



हिउँदे बर्षासँगै हिमाली भेगमा परेको भारी हिमपातले जनजीवन कष्टकर बनेको छ । भूकम्पका कारण थातबासबाट विस्थापित भएर पालपुनि गुजारा चलाइरहेका जनताको जीवन सबैभन्दा कष्टकर बनेको छ । भूकम्प प्रभावित पहाडी तथा हिमाली भेगका जिल्लाहरुको जनजीवन निकै कष्टकर बन्न पुगेको छ ।

गोरखा, सोलु, सिपा, लम्जुङ, डोल्पा, रामेछाप, दोलखालगायतका जिल्लाको उत्तरी भेगमा भारी हिमपात भएको हाम्रा स्थानीय संवाददाताले जानकारी दिएका छन् । प्राप्त जानकारी अनुसार गोरखाको सामागाँउ, ल्हो, बारपाक, लाप्राक, केरौंजा लगायतका उत्तरी गाविसमा भारी हिमपात भएको छ ।

हिमपात शुरु भएसँगै घर वाहिर निस्कन मुस्किल भएको छ । जाडो बढेपछि त्यस क्षेत्रका बासिन्दा घरबाहिर निस्कन सकेका छैनन् । हिमपात भएसँगै चरन क्षेत्रमा छाडिएका चौरी, याक लगायतका पशुचौपायाहरु घर ल्याउन थालिएको छ ।

निजी आवास निर्माणका लागी पहिलो किस्ता अनुदान पाएपनि अधिकांश भूकम्प पीडितहरु अस्थायी टहरामा छन् । हिमपात र बर्षातका कारण चिसो बढेपछि अस्थायी टहरामा रहेका भूकम्प पीडितहरुलाइ थप समस्या भएको छ ।

## आवश्यक परे...

भन्दै मुख्य कुरा बदल्ने भएको बताउँदै अध्यक्ष किरणले जलस्रोतमा विदेशी लगानी (भारतीय कम्पनीका लगानीहरु)का आयोजनाहरु खारेज गरी नेपाली जनता र सरकारसहितको स्वदेशी लगानीमा जलविद्युत आयोजनाहरु बनाइनुपर्ने विकल्प सुझाए ।

विकासको अधारको रुपमा रहेको स्वदेशी प्राकृतिक स्रोतसाधन विदेशीलाई सुम्पेर विकासको एकहोरो रटान लगाउने संसदवादीहरुप्रति आक्रोश पोख्दै अध्यक्ष किरणले "नेपालको आर्थिक विकासको प्रमुख आधार, लगायत प्राकृतिक स्रोत साधन विदेशीलाई सुम्पेर हुन्छ विकास निर्माण ? विकासको जरा काटेर विकासको कुरा गर्ने ?" प्रश्न गरे । उनले भने, "देशमा विकास गर्नका निम्ति त अहिलेका दलाल सत्ताधारीहरुलाई सत्ताबाट फाल्नुपर्छ । यिनीहरुलाई सत्ताबाट लखेटेपछि मात्रै विकास हुन सक्छ ।"

कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (माओवादी)का महासचिव नेत्रविक्रम चन्द' विप्लव'ले देश बेचेर खाने दलालहरुका विरुद्ध संयुक्त संघर्ष केन्द्रीत हुने बताए । उनले भने, "देश बेचेर खाने दलालहरुका विरुद्ध सबै स्वाभीमानी देशभक्तहरु गोलबन्द हुनुपर्छ र संघर्षलाई सशक्त रुपमा अगाडि बढाउनु पर्छ ।" नेतासँगै आन्दोलन सिध्याइदिने खेल प्रतिक्रियावादीहरुले खेल्ने गरेको भन्दै यसप्रति क्रान्तिकारी युवाहरु सचेत भएर अगाडि बढ्नुपर्ने बताए ।

राष्ट्रिय जनमोर्चाका सचिव हिमलाल पुरीले प्राकृतिक स्रोतसाधनमाथि विदेशीको एकाधिकार स्थापित हुँदै गएको भन्दै असमान सन्धिसम्झौताहरुलाई खारेज गरिनुपर्ने धारणा राखे ।

नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य रामसिंह श्रीसले स्वागत मन्तव्य राखेको उक्त अन्तर्क्रिया कार्यक्रमको अध्यक्षता मसालका नेता भैरव रेग्मीले गरेका थिए भने संचालन नेकपा (माओवादी)का नेता धर्मेन्द्र बाँस्तोलाले गरेका थिए । अन्तर्क्रियामा तीनै पार्टीका नेताहरुले कार्यगत एकतालाई निरन्तर रुपमा अगाडि बढाएर लैजानुपर्ने आवश्यकतामाथि जोड दिएका थिए ।

तीन पार्टीका नेता कार्यकर्ताहरुको खचाखच उपस्थितिले भरिएको हलमा जलस्रोतविद्हरु रत्नसंसार श्रेष्ठ, दीपक ज्ञावाली, रतन भण्डारीहरुले सविस्तार रुपमा नेपालको जलस्रोतमाथि भारतले गरेको हस्तक्षेपको फेहरिस्त प्रस्तुत गरेका थिए । विज्ञहरुको प्रस्तुतीले नेता कार्यकर्ताहरुलाई समेत गाजृत तुल्याएको भन्दै विज्ञहरुलाई क्रान्तिकारी माओवादीका अध्यक्ष वैद्यले धन्यवाद दिएका थिए । र, राष्ट्रिय मुक्ति आन्दोलनमा विज्ञहरुले पनि सहकार्य गर्नुपर्ने धारणा राखेका थिए ।

## बढ्दैछ क्रान्तिकारी ...

जनवादी क्रान्तिमा नै भूमिका खेलेका बाबुराम भट्टराई अब कम्युनिष्ट नरहेको उल्लेख गर्दै उनले आफू वामपन्थी नभएको भनेर स्पष्ट खुलाएर गएकोमा धन्यवाद दिनुपर्ने तर उनको शक्ति नयाँ शक्ति नभएर सबैभन्दा पुरानो, बासी सडेगलेकाहरुको गएगुज्रेको शक्ति भएको टिप्पणी गरे ।

विप्लव नेतृत्वको माओवादी पनि सोही दिशामा केन्द्रित रहेको उल्लेख गर्दै उनले अहिले आएर संघीयता, धर्मनिरपेक्षताजस्ता विगतको जनयुद्धबाट प्राप्त आंशिक उपलब्धिहरुकै विरोध गर्दै हिडेको उल्लेख गर्दै सबैखाले अवसरवाद विरुद्ध विचारधारात्मक संघर्ष चलाएर नयाँ जनवादी क्रान्तिको तयारी गर्न सबैलाई एक भएर लाग्न पनि निर्देशन दिए ।

विगतमा पनि क्रान्तिकारी शक्तिलाई एकताबद्ध गर्न सकेको भए नयाँ जनवादी क्रान्ति पूरा हुने अवस्था रहेको स्मरण गर्दै उनले पार्टीभित्र देखा परेको दक्षिणपन्थी नवसंशोधनवाद हाबी हुँदा विजयको सन्निकट पुगेर क्रान्ति पराजित हुन पुग्दा समग्र माओवादी आन्दोलन नै रक्षात्मक अवस्थामा पुगेको बताए ।

कम्युनिष्ट न्युक्लियशसँगको पार्टी एकताले माओवादी फुट्न मात्र नभएर जुट्न पनि जान्दछन् भन्ने प्रमाणित गरेको उल्लेख गर्दै पार्टी वैचारिक आधारमा एकता र विभाजन हुने स्पष्ट पारे । उनले भने, 'यो सत्तालिप्सा र पद प्राप्तिको नभई त्याग, बलिदान र दुःखको बाटो हो । संसदीय व्यवस्था, संसदवाद, दलाल, नोकरशाह र सामन्तवादविरुद्ध लड्दै, रगत बगाउँदै आयौं । तर अहिले सत्तामा तिनीहरु नै छन् । यो एकता अहिलेको व्यवस्थालाई खारेज गरेर नयाँ जनवादी व्यवस्था स्थापनाका लागि प्रतिबद्ध भएर लाग्नेहरुको एकता हो ।'

यसैगरी क्रान्तिकारी माओवादीका सचिवालय सदस्य परि थापाले यो एकता क्रान्तिकारी आन्दोलनमा हुने खासखास प्रकारका एकता र ध्रुवीकरणको एउटा प्रक्रियाको अंगको रुपमा रहेको उल्लेख गरे । उनले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको उदाहरण दिँदै जर्मनीको कम्युनिष्ट पार्टी रुसको कम्युनिष्ट पार्टीभन्दा ठूलो भएर पनि क्रान्ति पूरा गर्न नसकेको र इटालीको कम्युनिष्ट पार्टीले फाँसीवादविरुद्ध ध्रुविकरण र मोर्चाबन्दी गर्न नमान्दा क्रान्तिलाई अघि बढाउन नसकेको उदाहरण दिए ।

क्रान्तिकारी माओवादीका प्रवक्ता हरिभक्त कंडेल 'प्रतीक' ले यो एकताले क्रान्तिकारी आन्दोलनमा ध्रुविकरण र एकता गर्न प्रेरणा दिने उल्लेख गरे । उनले नेपालमा अहिले पनि आफूलाई माओवादी भन्नेहरुले क्रान्तिको भ्रम दिइरहेकाले ठूलो युवाको पंक्ति भ्रमित भएपनि नेतृत्व अवसरवादमा फस्दा क्रान्ति अघि बढ्न नसकिरहेको बताए ।

पार्टी एकता घोषणा कार्यक्रममा कम्युनिष्ट न्युक्लियसका संयोजक भुपेन्द्र न्यौपानेले दुई क्रान्तिकारी कम्युनिष्ट पार्टीबीच भएको यो एकता अन्तिम नभएर सुरुवात भएको उल्लेख गर्दै सबै क्रान्तिकारीलाई एक ठाउँमा ल्याउने प्रक्रिया थालनी भएको बताए । उनले विश्वमा नै माओको निधनपछि रक्षात्मक अवस्थामा पुगेको माओवादी आन्दोलनलाई नयाँ चरणमा उठाउने प्रतिबद्धता पनि सँगै गरिएको जानकारी दिए ।

पार्टी एकता गर्दै संयुक्त रुपमा जारी गरिएको वक्तव्यमा भनिएको छ, 'हामी बाह्य रुपमा साम्राज्यवाद, विस्तारवाद, र नवउपनिवेशवाद विरुद्ध, आन्तरिक रुपमा नेपाली जनताको विकासको प्रमुख बाधक दलाल तथा नोकरशाही पूँजीवाद, सामन्तवाद एबं. कम्युनिष्ट पार्टी र कम्युनिष्ट आन्दोलनमा देखिएका वाम, मध्य र मुख्यतः दक्षिणपन्थी संशोधनवाद तथा नवसंशोधनवाद र ' वाम' अवसरवादविरुद्ध लड्न प्रतिवद्ध छौं ।'

नीतिगत दृष्टिकोणले क्रान्तिकारी पार्टी, आन्दोलनलाई बुझ्ने र विकास गर्ने सन्दर्भमा सैद्धान्तिक, वैचारिक एवं व्यवहारिक रुपले एकरुपता कामय भएको दुवै पार्टीद्वारा संयुक्त रुपमा जारी  विज्ञप्तीमा भनिएको छ । आगामी क्रान्तिका सम्पूर्ण कार्यभारहरु पूरा गर्न एकताबद्ध भएर भएर जानुपर्ने ऐतिहासिक जिम्मेवारीलाई आत्मसात गर्दै पार्टी एकताको ऐतिहासिक अभियानमा जुटेको क्रान्तिकारी माओवादीका तर्फबाट हरिभक्त कँडेल ' प्रतीक' र कम्युनिष्ट न्यूक्लियस नेपालका तर्फबाट भुपेन्द्र न्यौपानेद्वारा हस्ताक्षरित विज्ञप्तीमा भनिएको छ । एकता तथा ध्रुवीकरणको प्रक्रियामा ६ बुँदे प्रतिबद्धता पनि जनाइएको छ ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं